# परिच्छेद-एक
# परिचय

## १.१. पृष्ठभूमि

नेपाल बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक एवम् बहुधार्मिक देश हो । तसर्थ यहाँ बसोबास गर्ने विभिन्न जनजातिहरुमध्ये मगर जाति पनि एक हो । मगरहरु मंगोल मूलका जनजाति मानिन्छन् । मंगोल मूलका अन्य जनजातिहरुमा तामाङ, गुरुङ, शेर्पा, राई, लिम्बू, थकाली, जिरेल, सुनुवार, लेप्चा, थारु, मेचे, धिमाल, नेवार आदि पर्दछन् । नेपाल सरकारले २०५८ सालमा ५९ जातीलाई जनजातीको मान्यता दिएको छ । ती जातीहरुलाई पाँच समूहमा वर्गीकरण गरीएको छ । उन्नत समूह, सुविधा वञ्चित समूह, सिमान्तकृत समूह, लोपोन्मुख र अति लोपोन्मुख यस मध्ये मगर जाती सुविधा वञ्चित समूहमा पर्दछ ।

नेपाल दुई भिन्न-भिन्न भौगोलिक परिवेश र साँस्कृतिक परम्परा भएका विशाल छिमेकी मुलुकहरु भारत र चीनसँग निकटताले गर्दा प्राग-ऐतिहासिक कालदेखि नै समय समयमा यहाँ विभिन्न दिशाबाट अनेक जाति-उपजातिका मानिसहरु भित्रिन पुगे । जसको परिणामस्वरुप जातीय विविधताले प्रश्रय पाएको भेटिन्छ । नेपालको भौगोलिक विभाजन अनुसार हेर्ने हो भने हिमाली भेगमा भोटे, शेर्पा, तामाङ, ल्होमी, लोपा, मनाङे, थकाली जातिहरुको बसोबास भेटिन्छ । पहाडी भेगमा ब्राम्हण, क्षेत्री, मगर, गुरुङ, नेवार, तामाङ, सुनुवार, जिरेल, चेपाङहर र तराई भेगमा ब्राम्हण, राजपूत, चौधरी, थारु काचेया, सतार, लिम्बु, दनुवार, माझी, दरै, झांगड, मुसलमान, यादव आदि जातिहरुको बसोबासले स्थान ओगटेको छ[1] ।

नेपालको सर्वत्र भूभागमा छरिएर रहेका विभिन्न जनजातिहरुमध्ये मगर पनि एउटा समुदाय हो । यिनीहरु नेपालका आदिवासी जनजाति मानिन्छन् । यिनीहरुलाई आदिवासी मानिनुको तात्पर्य भनेको आफ्नो अलग पहिचान, निश्चित भौगोलिक क्षेत्र, भाषा, धर्म, परम्परा रीतिरिवाज र हामीको भावना भएको कारणले गर्दा हो । मगरहरुको अधिक मात्रामा बसोबास हुने मगराँत क्षेत्र गण्डकी, राप्ती, धौलागिरी र लुम्बिनी अञ्चल भएतापनि नेपाल राज्यको एकीकरणपछि पूर्वमा मेचीदेखि पश्चिममा महाकालीसम्मका सम्पूर्ण भूभागमा

---

[1] *केन्द्रिय तथ्याङ्क विभाग, (काठमाण्डौ : सूचना तथा सञ्चार मन्त्रालय २०५८) पृ ३८ ।*

छरिएर रहेका छन् । मगराती भाषा मगरहरुको मातृभाषा हो । यस भाषालाई अठारमगराँती भाषा र बाह्र मगराँती भाषा गरी दुई समूहमा विभाजन गर्न सकिन्छ ।अठार मगराँती भाषा अन्तर्गत खाम भाषा, काइको भाषा र छन्तेल भाषा पर्दछन् । यो भाषा विशेष गरी गुल्मी, सल्यान, रोल्पा, बाग्लुङ, प्यूठान, डोल्पा, तनहूँ, स्याङ्जा, चितवन, नवलपरासी, सिन्धुली, उदयपुर, इलाम, ओखलढुङ्गा, पाँचथर, धनकुटा, सर्लाही, महोत्तरीमा बढी मात्रामा बोलिन्छन् । यसै गरी मगरहरु अठार र बाह्र पन्थी दुई समूहमा विभाजन गरिएको पाइन्छ । बाह्र पन्थी मगरहरु बाह्र मगराँती भाषा बोल्ने गर्दछन् । तर केही मानवशास्त्रीहरुले अठार पन्थी भनी दुई समूहमा विभाजन भएपनि उनीहरुमा सानो ठूलो भन्ने भेदभाव हुँदैन । अठार पन्थी मगरहरुको आफ्नै लोकसंस्कृति छ । जस्तै झिमकिरी, पैसेरु जस्ता नाचहरु । यति हुँदाहुँदै पनि अठार पन्थी मगरहरुभन्दा बाह्र पन्थी मगरहरु लोक संस्कृतिमा धनी देखिन्छन् । हालको परिवर्तनशील समाजका कारण यिनको लोक संस्कृति दिनानूदिन लोप हुँदै गइरहेको छ ।[१]

मगर नेपालको सबैभन्दा ठूलो जनजाति हो । यिनीहरुमा मंगोलियन विशेषता रहेको छ भन्ने कुरालाई उनीहरको शारीरिक बनौटले पुष्टि गर्दछ । प्राचीनकाल देखि नै खस-बाहुनहरुसँगको निकट सम्पर्कले गर्दा मगरहरु तिनै खस-बाहुनहरुबाट अत्याधिक रुपमा प्रभावित हुन पुगे । मगरहरु ठकुरी जातिबाट झरेका जाति मानिन्छन् । नेपालको उत्तरी भेगमा रहेका मगरहरु बाहेक अन्य क्षेत्रका मगरहरमा खस-बाहुनकै बढी प्रभाव परेको हुँदा उनीहरुको पुरेत ब्राम्हण वा आफ्नै जातको राख्ने चलन छ । जसलाई भुषाल भनिन्छ । मगरहरु हिन्दू धर्म  मान्नेहरु नभएर प्रकृतिका पूजकहरु पनि छन् । तसर्थ उनीहरु दशैं, तिहार, साउने सक्रान्ति, माघे सक्रान्ति, बैशाख पूर्णिमा, कूल पूजा, मण्डली पूजा, भाइटीका, कृष्णाष्टमी, तीज जस्ता चाडपर्वहरु बडो हर्षोल्लासपूर्वक मनाउने गर्छन् । उनीहरुको विवाह आफ्नै जात भित्र भएपनि सगोत्र भित्र हुँदैन । मगर परिवार पितृसत्तात्मक परिवार हो । तापनि यो जातिमा पुरुषहरुले तुलनात्मक रुपमा महिलाहरुलाई बढी स्वतन्त्रता दिएका छन् । यिनीहरुको समाजमा मामाचेली र फुफूचेला बीच वैवाहिक सम्बन्ध प्रचलित छ । सोझो व्यवहार, मिलनसार प्रवृति, लगनशील र बहादुर भएका हुँदा पृथ्वी नारायण शाहकै पालादेखि सैनिक र निजामती सेवामा भर्ती भई हालसम्म पनि ब्रिटिस, भारतीय र नेपाली सेनमा रही आफ्नो वीरता कायम राख्न मगर

[१] *खिलध्वोज थापा, मगराती एक ऐतिहासिक रुप रेखा सेरेफेरो, (काठमाण्डौं : वर्ष १ अंक  १  २०३६)*

*पृ. ८ ।*

जातीहरु सफल मानिन्छन् । यिनीहरुको परम्परागत व्यवसायभ ने कृषि र पशुपालन नै हो । मतवली समूह भित्र मर्ने मगर जातिहरु भेटेबर्मेली परिवारको भाषा बोल्ने गर्दछन् ।[1] नेपालमा अत्यधिक संख्यामा रहेको मगरहरुको भाषा लिपि भए पनि हाल प्रचलित भने पाइन्न । नेपालको जनसांख्यिक दृष्टिले हेर्ने हो भने ब्राम्हण, क्षेत्री पछिको अधिक जनसंख्या मगरहरुको नै रहेको छ । यस कुरालाई तलको तालिकाले पुष्टि गर्दछ ।

तालिका नं.१

नेपालको ब्राम्हण क्षेत्री र मगरहरुको जनसंख्या

| क.सं. | जात | जम्मा संख्या | महिला | पुरुष |
|---|---|---|---|---|
| १ | ब्राम्हण | २८,९६,४७७ | १४,६९,५६२ | १४,२६,९१५ |
| २ | क्षेत्री | ३५,९३,४९६ | १८,१८,७८७ | १७,७४,७०९ |
| ३ | मगर | १६,२२,४२१ | ८,३७,५९३ | ७,८४,८२८ |

स्रोतः केन्द्रिय तथ्याङ्क विभाग, २०५८

यसरी नेपालमा बसोबास गर्ने मगरहरुको जनसंख्या १६,२२,४२१ रहेको छ भन्ने कुरालाई २०५८ सालको जनगणनाले देखाएको छ । जसमा महिला संख्या ८,३७,५९३ र पुरुष संख्या ७,८४,८२८ रहेका छ । त्यस्तै गरेर अन्य विभिन्न जातजातिको विवरणलाई हेर्दा मगर जातिको जनसंख्या अधिकतम देखिन्छ ।

[1] *डोर बहादुर विष्ट, पिपुल अफ नेपाल, (काठमाण्डौं : रत्न पुस्तक भण्डार १९७६) पृ. १३८ ।*

तालिका नं.२.

नेपालका केही प्रमुख जनजातिको विवरण

| क.सं. | जनजातिको नाम | जम्मा जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | मगर | १६,२२,४२१ | २१.८७ |
| २ | नेवार | १२,४५,२३२ | १६.७९ |
| ३ | गुरुङ | ५,४३,५७१ | ७.३३ |
| ४ | राई | ६,३५,१५१ | ८.५६ |
| ५ | लिम्बु | ३,५९,३७९ | ४.८४ |
| ६ | शेर्पा | १,५४,६२२ | २.०८ |
| ७ | धिमाल | १९,५४७ | ०.२६ |
| ८ | भोटे | १९,२६१ | ०.२५ |
| ९ | तामाङ | १२,८२,३०४ | १७.२९ |
| १० | थारु | १५,३३,८७९ | २०.६८ |
| | जम्मा | | |

स्रोतः केन्द्रिय तथ्याङ्क विभाग, २०५८

२०५८ सालको जनगणना अनुसार नेपालको जम्मा जनसंख्या २,३१,५१,४२३ रहेको छ । नेपाल सरकारले नेपाल भित्रको विभिन्न भौगोलिक क्षेत्रमा बस्ने ६० ओटा जातलाई जनजाति भनी नामाकरण गरेका छ । जो यस प्रकारका छन् । भोटे, शेर्पा, तामाङ, ल्होमी, लोपा, मनाङे, थकाली, मगर, गुरुङ, नेवार, तामाङ, सुनुवार, जिरेल, चेपाङ, राजपूत, थारु काचेया, सतार, लिम्बू, दनुवार, माझी, दरै, धांगड, मुसलमान, यादव, मुगाली, थुदुम, भुजेल, हायु, मार्फाली, लार्के, चिमतन, छैरोतन, व्यासी, कुमाल, कुशवारीया, फ्री, बनकरीया, बोटे, गनगाई, जापुरिया, झाँगड, मुण्डा, वालुङ, लेप्चा, ह्याल्मो दुरा, ताङ्वे, छन्त्याल, सुरेल, वरामो, राई, धानुक, मेचे, सतार आदि ।

वि.सं.२०४६ सालको जनआन्दोलन पछि नेपाल सरकारले नेपाल राष्ट्रभित्र बसोबास गर्दै आएका समस्त जनजातिहरुको विकास गर्ने अभिप्रायले एउटा छुट्टै “जनजाति विकास समिति” गठन गरेको छ । जसले जनजातिहरुको समस्या र अवस्थाबारेमा पहिचान गर्ने काम गर्दै आएको छ ।

नेपाल सरकारद्वारा गठित "जनजाति उत्थान प्रतिष्ठान कार्यदल २०५३"ले जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज भएको तर चारवर्णको हिन्दु वर्णश्रम व्यवस्थाभित्र नपर्ने, आफ्नो छुट्टै साँस्कृतिक पहिचान, भाषा, धर्म र रीतिरिवाज, लिखित वा अलिखित इतिहास भएको परम्परागत सामाजिक संरचनामा आधारित नेपालका आदिवासी या मूलबासी भएका र हामी भन्ने भावना भएका, राज्य सञ्चालनमा निर्णायक भूमिका नभएका र आफूलाई जनजाति भनी दावी गर्ने समुदाय हुन् भनी परिभाषित गरेको छ ।[१]

अतः जनजाति भनेको कुनै एक निश्चित भौगोलिक क्षेत्रमा बसोबास गर्ने, आफ्नो छुट्टै साँस्कृतिक पहिचानहरु, परम्परागत भाषा, धर्म र रीतिरिवाजहरु अबलम्बन गर्ने हामी भन्ने भावना भएका जातिय समुदायहरु नै जनजाति हुन् ।

नेपालका विभिन्न क्षेत्रहरुमा छरिएर रहेका विभिन्न जातजातिका मानिसहरुले करीब ७० प्रकारको भाषाहरु बोल्ने गरेका छन् । नेपालको सम्पूर्ण भूभागहरुमा समानुपातिक विकास गर्ने उद्देश्यले नेपाललाई पाँच विकास क्षेत्रमा विभाजन गरिएको छ । ती पाँच विकास क्षेत्रहरुमा मगरहरुको जनसांख्यिक विवरणलाई तलको तालिकाबाट हेर्न सकिन्छ ।

तालिका नं.३

विकास क्षेत्रका आधारमा मगरहरुको जनसंख्या विवरण

| क्र.सं. | विकास क्षेत्र | जनसंख्या |
|---|---|---|
| १ | पूर्वाञ्चल | १,८०,३६३ |
| २ | मध्यमाञ्चल | २,५६,९५७ |
| ३ | पश्चिमाञ्चल | ७,५०,९६० |
| ४ | मध्य पश्चिमाञ्चल | ३,९१,६५० |
| ५ | सदूर पश्चिमाञ्चल | ४२,४९१ |
| | जम्मा | १६,२२,४२१ |

स्रोतः केन्द्रिय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०५८

[१] *जनजाति अध्ययन प्रतिष्ठान,* (काठमाण्डौं :२०५९) पृ. २१ ।

माथिको तालिकाबाट के बुझिन्छ भने मगरहरुको सबैभन्दा बढी जनसंख्या पश्चिमाञ्चल विकास क्षेत्रमा र सबैभन्दा कम जनसंख्या सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा रहेको छ ।

यस्तै मगर मातृभाषा बोल्नेहरुको जम्मा जनसंख्या ७,७०,११६ रहेको छ । जसमा महिलाको संख्या ३,९७,५४८ र पुरुषको संख्या ३,७२,५६८ रहेको छ । त्यसरी नै अध्ययन क्षेत्रमा मगरहरुको जनसंख्यालाई हेर्दा स्याङ्जा जिल्लामा मगरको कूल जनसंख्या ६७,२४५ रहेकोमा महिलाको संख्या ३६,४३६ र पुरुषको संख्या ३०,८०९ रहेको पाइन्छ । त्यसरी नै अध्ययन क्षेत्र मालुङ्गा गा.वि.स.मा मगरहरुको कूल जनसंख्या ६३२ रहेको छ ।[१] देशभरि छरिएका मगरहरु अहिले विभिन्न संघ संस्थाको रुपमा संगठित भएका छन् । नेपाल मगर संघ (लाङ्घाली समाज) आदिको नामबाट संगठित भएका छन् (पल्ली मगर, २०४९ :२९) आफ्नो जातजाति, धर्म, संस्कृति आदिको रक्षा र आपसी सम्बन्धको लागि हरसंगठनमा कार्यरत भएको पाइन्छ । विविध सामाजिक तथा आर्थिक अवस्था भएका मगर जातिहरु नेपालको विभिन्न क्षेत्रमा बसोबास गर्दै आएका छन् । स्याङ्जा जिल्लाको मालुङ्गामा पनि मगरहरुको बस्ती रहेको छ । यस क्षेत्रमा बसेका मगर जातिको सामाजिक, साँस्कृतिक र आर्थिक अवस्थाको बारेमा सक्दो सत्य तथ्य प्रमाणहरु जुटाई शोधपत्र तयार पारिएको छ ।

## १.२. समस्या कथनः

नेपाल एक बहुभाषिक र बहुधार्मिक देश हो । यहाँ बसोबास गर्ने विभिन्न जनजातिको आ-आफ्नो भाषा, धर्म, संस्कृति तथा प्रथा भएको पाइन्छ । यसरी धार्मिक, साँस्कृतिक, सामाजिक र आर्थिक विविधता भएको जातिहरुमध्ये मगर जाति पनि एक हो । नेपालभित्र बसोबास गर्ने ३७.२ प्रतिशत आदिवासी जनजातिहरु मध्येको एक जाति मगर पश्चिममा कालीगण्डकी नदी वरिपरी, कर्णालीको पूर्वी क्षेत्रमा, चुरे पहाडको उत्तरमा धौलागिरी क्षेत्रमा रहेको पाइन्छ । दक्षिणी र मध्य पहाडी क्षेत्रहरुमा बसोबास गरेका यी जातिहरुको धर्म संस्कृति उत्तरी भारतको धर्म संस्कृति उत्तरी भारतको धर्म संस्कृतिसँग मेल खाएको पाइन्छ । एउटै जाति मगरबीच पनि भाषा संस्कृति र प्रथामा फरक फरक भएको पाइन्छ । कुनै ठाउँका मगर जातिले हिन्दू धर्म अपनाएको पाइन्छ भने कुनै ठाउँका मगर

[१] *मालुङ्गा गा.वि.स. को वस्तुस्थिति २०६७ मालुङ्गा गा.वि.स., स्याङ्जा ।*

जातिले बौद्ध र क्रिश्चियन धर्म अपनाएको पाइन्छ । भाषाको दृष्टिकोणले हेर्दा पूर्वदेखि पश्चिमसम्म ठाउँ-ठाउँ र समुदायबीच फरक फरक भाषा भएको देखिन्छ ।[1]

विभिन्न भागका मगरहरुले जस्तै मालुङ्गा गा.वि.स.मा बसोबास गर्दै आएका मगर जातिका मानिसहरुले पनि आफ्नै संस्कृतिभन्दा पनि त्यहीं ठाउँको आदिवासीको रुपमा रहेका ब्राम्हण, क्षेत्री आदिसँग मिल्दो संस्कृति अपनाएको पाइन्छ । यहाँका मगरहरुले त कमै मात्रामा आफ्नो भाषा बोल्दै आएको पाइन्छ । आपस वा आफ्नो घरभित्र पनि आफ्नो मातृ भाषा बोलेको पाइदैन । साथै यस अध्ययन क्षेत्र मालुङ्गा माथि उल्लेखित पक्षमा विकासका लागि चाहिने आवश्यक तथ्याङ्कको लागि यो सोधपत्र उपयोगी हुनेछ । यस अध्ययनमा निम्न लिखित शोध प्रश्नहरुको समाधान खोज्ने प्रयत्न गरिएको छ । स्याङ्जा जिल्ला मालुङ्गा गा.वि.स.का मगर जातिको सामाजिक, साँस्कृति तथा आर्थिक पक्षहरुको बारेमा विभिन्न स्रोत र सामाग्रीको आधारमा तथ्याङ्क संकलन गरी एउटा मगरहरुको पहिचान गराउन सक्ने एउटा दस्तावेज तयार गर्नु नै यसको शोधको समस्या हो ।

१. त्यहाँका मगर जातिहरुको सामाजिक जनजीवन कस्तो छ ?

२. त्यहाँका मगरहरुको वर्तमान आर्थिक अवस्था के कस्तो छ ?

३. उनीहरुको संस्कृति के कस्तो छ ?

## १.३. अध्ययनको उद्देश्यः

१.३.१.स्याङ्जा जिल्ला मालुङ्गा गा.वि.स.मा रहेका मगर जातिहरुको ऐतिहासिकता बारे चिनारी दिनु ।

१.३.२.स्याङ्जा जिल्ला मालुङ्गा गा.वि.स.का मगर जातिको सामाजिक तथा साँस्कृतिक अवस्थाको चित्रण गर्नु ।

१.३.३. यस अध्ययन क्षेत्रका मगर जातिको आर्थिक अवस्थाको बारेमा वर्णन गर्नु ।

## १.४. अध्ययनको महत्वः

मगर जातिहरुको अध्ययन, अनुसन्धान र खोजको महत्व भनेको सम्बन्धित क्षेत्रको अध्ययन, अनुसन्धान प्राप्त प्रतिवेदन र सैद्धान्तिक ज्ञानलाई व्यवहारिक जीवनपयोगी बनाउनु, नयाँ

[1] *शिवलाल थापा मगर, मगर जातीको संक्षिप्त चिनारी (वुटवल : वर्ष १ अंक १ २०३६) पृ. १० ।*

नीति निर्माण गर्नु, योजना तर्जुमा र कार्यान्वयनलाई उपयोगी ढंगले व्यवस्थित गर्नु हो । यस शोध र अनुसन्धानको निम्न महत्व रहेको छ ।

१. मगर जातिको सामाजिक क्रियाकलाप, आर्थिक अवस्था र साँस्कृतिक रीति स्थितिको जानकारी लिन

२. यस अध्ययनले मगर जनजातिहरुको हित र कल्याणार्थ खोलिएका विभिन्न सरकारी एवम् गैर-सरकारी संस्थालाई मगरहरुको अध्ययन र वास्तविक जीवन स्थिति केही मात्रामा बुझ्न सहयोग पुग्ने छ ।

३. यस्तै विद्यार्थी वर्ग एवम् अन्य व्यक्ति वा निकायले यस अध्ययनलाई सन्दर्भ सामाग्रीका रुपमा प्रयोग गर्न सक्नेछन् ।

## १.५. अध्ययनको सीमाः

नेपालभरिमा विभिन्न जनजाति, भाषाभाषी, बहुसंख्यक रहनसहन, रीतिरिवाज छन् त्यसैले सानो अध्ययनमा सबै जातजाति, भाषाभाषीको अवस्थाको साथै देशभरका सबै मगर जातिको अध्ययन सम्भव नभएकाले स्याङ्जा जिल्ला मालुङ्गा गा.वि.स का मगर जातिको मात्र अध्ययन गरिएको हो । जसले गर्दा केही हदसम्म सम्पूर्ण मगर जातिको संस्कार, धर्म संस्कृतिको प्रतिनिधित्व गर्नेछ ।

## १.६. पूर्व साहित्यको समीक्षाः

यस शिर्षकमा केन्द्रित रहेर अध्ययन अनुसन्धानको शिलशिलामा विभिन्न लेखहरु, पुस्तक पत्रिका, लेख रचना अध्ययन गरियो । जसमा मुख्य रुपमा निम्न पुस्तकहरु अध्ययन गरिएको उल्लेख गरिन्छ ।

क) एम.एस.थापा मगर, "प्राचिन मगर र अक्सा लिपि"

ललितपुर श्रीमती दुर्गा देवी थापा मगर (२०४५: २० मा)

यसमा अक्सा लिपि, धर्म, थर उपथर र उत्पत्ति विषयमा उल्लेख गरिएको छ । तर स्याङ्जा जिल्लाका विभिन्न ठाउँमा छरिएर रहेका मगर जातिको आर्थिक, सामाजिक विषयमा जानकारी लिन अपुग रहेको देखिन्छ ।

ख) केशरजंग बराल मगर "पाल्पा, तनहुँ र स्याङ्जाका मगरहरुको सँस्कृति" नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान काठमाण्डौं (२०५२ : ३७ मा)

यो पुस्तक संक्षिप्त मगरहरुको उत्पत्ति, नामाकरण, थर, उपथर जस्ता कुरामा तीन वटा जिल्लालाई समेटेको छ । तीन जिल्लाको सार भएकाले स्याङ्जा जिल्लाको मगर जातिको विविध पक्षमा समेटिनुपर्ने कुराको भने अभाव देखिन्छ ।

ग) डोर बहादुर बिष्ट, "पिपल्स अफ नेपाल" काठमाडौं, रत्न पुस्तक भण्डार (१९८० :.१२८)

यस पुस्तकमा छोटकरीमा मगर, गुरुङ, ब्रामण जस्ता जातिको संस्कार बारेमा संक्षिप्त जानकारी दिने उद्देश्यले तयार पारिएको छ । कुनै पनि एक जाति विशेषमा विशिष्टीकरण गरेर उल्लेख गरिएको छैन ।

घ) नगेन्द्र शर्मा- नेपाली जनजीवन, काठमाडौं साफा प्रकाशन

यस पुस्तकमा समष्टिमा नेपाली जनजीवन बारेमा उल्लेख गरेता पनि स्याङ्जा जिल्लाका मगर जातिको बारेमा प्रष्ट पारिएको छैन ।

यी माथिका पुस्तक बाहेक अन्य पुस्तक पनि अध्ययन गरिएको छ । विभिन्न विद्वानहरुले धेरै खोज अनुसन्धानबाट तयार गरेर पाठक सामु ल्याउनुभएको छ । उक्त पुस्तकहरु आफैमा ज्यादै उपयोगी र ज्ञानबर्द्धक छन् तापनि यसमा समेट्न नसकिएका प्रशस्त शीर्षक र विषयबस्तहरु छन् । खास गरेर एउटा गा.वि.स.र जिल्लामा केन्द्रित रहेर एउटा जाति विशेषको बारेमा अनुसन्धान अभाव देखिएका कारण यस शोधमा एक जिल्लाको एक गा.वि.स.मा केन्द्रित रहेर अनुसन्धान गरिएको छ ।

यस शोधपत्रमा स्याङ्जा जिल्लाका ६० वटा गा.वि.स. र २ नगरपालिका मध्ये मालुङ्गा गा.वि.स.मा रहेका मगर जातिको विषयमा चित्रण गर्ने प्रयास शोधपत्रमा गरिएको छ ।

## १.७. अनुसन्धान विधि

कुनै पनि विषयमा अध्ययन अनुसन्धान गर्नको लागि एकै प्रकारको अनुसन्धान विधिले मात्र सम्पूर्ण तथ्य, जानकारी र सूचनाका स्रोतहरु थाहा पाउन सकिदैन । तसर्थ यस अनुसन्धान विधिभित्र अनुसन्धान ढाँचा, क्षेत्र छनोट, तथ्याङ्कको समग्रता र नमुना, छनोट तथ्याङ्कको स्रोत र प्रकृति, तथ्याङ्क सङ्कलन विधि, तथ्याङ्कको वर्गीकरण एवम् सम्पादन, तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण, अध्ययनको सीमा जस्ता कुराहरुलाई हेरिएको छ ।

### १.७.१. अनुसन्धान ढाँचा:

यस अनुसन्धानको विधि वर्णनात्मक रहेको छ । यस अध्ययनको क्रममा संकलित तथ्यहरुलाई तिनीहरुको प्रकृति अनुसार संख्या तथा प्रतिशत सहित तालिकीकरण गरी तालिकामा संलग्न भएका तथ्यहरुको वर्णन गरिएको छ । यसै अध्ययनको क्रममा संकलित मगरहरको सामाजिक (जनसंख्या, परिवारको आकार तथा प्रकार, विवाहको प्रकार, शैक्षिकअवस्था, समुदायमा लाग्ने रोगहरु, परिवार नियोजनबारे जानकारी, परिवार नियोजनको स्थिति, उपचार गर्ने ठाउँ, अन्य जातिसँगको सम्बन्ध, राजनैतिक तथा संघ संस्थामा आवद्धता), साँस्कृतिक जन्मदेखि मृत्युसम्मका प्रमुख संस्कारहरु, भेषभूषा र खानपान, धर्म तथा पूजाआजा, चाडपर्व) तथा आर्थिक (पेशागत अवस्था, भू-स्वामित्व, पशुपानको अवस्था, वार्षिक आय व्ययको विवरण, बचत हुने वा नहुने अवस्था, अपुग भएमा पुऱ्याउने स्रोत) पक्षसँग सम्बन्धित उल्लेखित तथ्यहरु वर्गीकरण गरिएको छ ।

### १.७.२. अध्ययन क्षेत्र छनोटको औचित्य:

यो अध्ययनको लागि पश्चिमाञ्चल विकास क्षेत्रको गण्डकी अञ्चलमा पर्ने र स्याङ्जा जिल्लाको विभिन्न गा.वि.सहरुमध्ये एक मालुङ्गा गा.वि.स.लाई अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको छ । यस गा.वि.स.का केही वार्डहरुमा मगरहरुको बाहुल्यता रहेको छ । यस क्षेत्रमा मगर समुदायलाई नै अध्ययनको लागि छनौट गर्नुको औचित्य यस प्रकार रहेको छ ।

- ✓ शोधकर्ता यही गा.वि.स.को स्थायी बासिन्दा हुनाले यस समुदायसँग सम्बन्धित सामाजिक, साँस्कृतिक तथा आर्थिक स्थितिका बारेमा धेरै थोरै जानकारी भएको तथा तथ्याङ्क संकलन कार्य सहज हुने हुनाले शोधकर्ताको आफ्नै क्षेत्रका मगरहरुको अध्ययन गर्ने इच्छा भएकाले ।
- ✓ वर्तमानसम्म यस वडामा मगरहरुको बारेमा कसैले अध्ययन नगरेको हुनाले ।
- ✓ यो जातीको अध्ययन गर्ने तिव्र इच्छा भएकोले ।

### १.७.३.तथ्याङ्कको समग्रता र नमूना छनौट:

स्याङ्जा जिल्लाको मालुङ्गा गा.वि.स.मा बसोबास गर्ने कुल ९० घरधुरी मगरहरुको रहेको छ । भने कुल जनसंख्या ६३२ रहेको छ । जसमा पुरुषको संख्या २१२ र महिलाको संख्या २४३ रहेको छ । त्यसैले यही ९० घरधुरी नै अध्ययनको समग्रताको रुपमा रहेको छ । अध्ययनको समग्रता मध्येबाट ५० घरधुरीलाई दैवीय नमूना छनौट पद्धति

अबलम्बन गरी छनौट गरिएको छ । यसका लागि कुल ९० घरधुरीका घरमूलीको नामलाई कागजमा लेखी गोला बनाई चिट्ठा पद्धतिबाट ५० वटा गोला छनौट गरी यस अध्ययनको उत्तरदाताहरुको छनौट गरिएको छ । यसरी छनौट गर्दा छनौट गरिएको ५० घरधुरी समग्रताको ५५.५६ प्रतिशत हुने हुँदा यही ५५.५६ प्रतिशत घरधुरी नै यस अध्ययनको नमुनाको रुपमा रहेको छ । यस अध्ययनको क्रममा नमुना छनौटमा परेका घरधुरीको घरमूलीलाई संरचित प्रश्नावली भराई अध्ययनको क्रममा आवश्यक तथ्यहरु संकलन गरिएको हुँदा छनौटमा परेका घरधुरीका घरमूलीहरु महिला र पुरुष दुवै नै नमूनाका रुपमा रहेका छन् । संक्षिप्त प्रश्नावलीहरु परिशिष्ट एकमा राखिएको छ ।

### १.७.४. तथ्याङ्कको प्रकार र स्रोतः

यस अध्ययनको लागि प्राथमिक तथा द्वितीय दुवै प्रकारका तथ्याङ्कहरुको संकलन गरिएको छ । प्राथमिक तथ्याङ्कको संकलन प्राथमिक स्रोतबाट गरिएको छ भने द्वितीय तथ्याङ्कको संकलन द्वितीयक स्रोतबाट गरिएको छ ।

**प्राथमिक स्रोत**

यस अन्तर्गत अध्ययनकर्ता एवम् अनुसन्धानकर्ता स्वयम् उपस्थितयस अध्ययनको क्रममा नमूना छनौटमा परेका उत्तरदातासँगको अन्तर्वार्ता, विशेष व्यक्तिसँगको अन्तर्वार्ता तथा अवलोकन गरी अध्ययनका लागि आवश्यक तथ्याङ्कहरु संकलन गरिएको छ । यसरी प्राप्त तथ्याङ्कले मगर जातिको सामाजिक, साँस्कृतिक, आर्थिक तथा शैक्षिक अवस्था जस्ता विविध पक्षहरुसँग सम्बन्धित तथ्यहरु प्राथमिक तथ्याङ्कको रुपमा संकलन गरिएको छ ।

**द्वितीय स्रोत**

यस शोधपत्र तयार पार्नको लागि द्वितीय स्रोतबाट पनि विभिन्न तथ्याङ्कहरु लिइएको छ । जस अन्तर्गत विभिन्न संघ सस्थाहरुबाट प्रकाशित समाचार, लेख, रचना, सरकारी संघ संस्थामा रहेका अभिलेख र मुख्य गरी मगर समुदायसँग सम्बन्धित पुस्तक पत्रपत्रिका तथा जनजातिसँग सम्बन्धित पुस्तक पत्रपत्रिका तथा जनजातिगत विवरण, दैनिक पत्रपत्रिका (गोरखापत्र, कान्तिपुर, अन्नपूर्ण पोष्ट, मगर, गोराक, मेझारे) साप्ताहिक तथा पाक्षिक र मासिक रुपमा प्रकाशित हुने पत्रपत्रिकाको समेत सहयोग लिइएको छ । त्यसको अलावा सम्बन्धित जिल्ला वा गा.वि.स.मा उपलब्ध हुने डकुमेन्ट र विभिन्न शोत्रपत्रको समेत अध्ययन गरी वा सहयोग लिई यो शोधपत्र तयार गरिएको छ ।

### १.७. ५. तथ्याङ्क संकलन विधिः

अध्ययनलाई आशातीत, विश्वसनीय र भरपर्दो बनाउन त्यस क्षेत्रका बासिन्दाहरुसँग आत्मीयता र मित्रतापूर्ण व्यवहार कायम गरी अध्ययनलाई अघि बढाइएको छ । तसर्थ तथ्याङ्क संकलनको लागि निम्न विधि अपनाइएको छ ।

#### १. अन्तरवार्ता अनुसूचि

अध्ययन क्षेत्रमा स्थलगत रुपमा निरीक्षण गर्ने क्रममा नमूना छनौटमा परेका कुल ५० घरधुरकि घरमूली सर्वेक्षणलाई जोड दिइएको छ । यसै क्रममा केही संरचित प्रश्नावलीहरुको निर्माण गरी उत्तरदाताहरुलाई प्रश्नहरु सोधिएको छ । प्रश्नावली भित्र शिक्षा, उमेर, पेशा, भाषा, धर्म, संस्कार, आर्थिक अवस्था विषयहरु समावेश गरी तथ्याङ्क संकलन गरिएको छ ।

#### २. अवलोकनः

अध्ययन क्षेत्रमा अवलोकन विधि अपनाइएको छ । अवलोकन विधि अन्तर्गत त्यहाँका घरहरुको बनावट, सरसफाई, घर वरिपरिको वातावरण, त्यहाँका मानिसहरुको पहिरन र बसोबास स्थल जस्ता पक्षको अध्ययन गरिएको छ ।

#### ३. मुख्य सूचनादातासँगको अन्तरवार्ताः

यस अन्तर्गत यस गा.वि.स.मा बसोबास गर्ने मगर समुदायका विभिन्न जानकार व्यक्तिहरुसँग अन्तरवार्ता लिई यस जातिको विविध पक्षहरु यस क्षेत्रमा उनीहरुको आगमन, जन्मदेखि मृत्युसम्मका विविध संस्कारहरु, चाड पर्व तथा पूजा आजाको बारेमा आवश्यक तथ्याङ्कहरु संकलन गरिएको छ । यस अन्तर्गत शिक्षक, शिक्षिका, बुद्धिजीवी, राजनीतिज्ञ, विद्यार्थी, सामाजिक कार्यकर्ता आदि गरी जम्मा १० जना व्यक्तिलाई विशेष व्यक्तिका रुपमा लिई जानकारी लिन तयार गरिएको विशेष प्रश्नावलीमार्फत तथ्याङ्कहरु संकलन गरिएको छ ।

### १.८. अध्ययनको संगठन

यस अध्ययनको संगठनमा विभिन्न परिच्छेदलाई क्रमशः छुट्टयाइएको छ । जस अन्तर्गत परिच्छेद-एकमा नेपालका मगरहरुको बारेमा परिचय दिइएको छ । जसमा नेपालका केही प्रमुख जनजातिको जनसंख्या, समस्याको कथन, अध्ययनको उद्देश्य,

अध्ययनको महत्व, पूर्व साहित्यको समीक्षा , अनुसन्धान विधि, अनुसन्धान ढाँचा, अध्ययन क्षेत्र छनौट, तथ्याङ्कको समग्रता र नमुना, तथ्याङ्कको प्रकृति र स्रोत, तथ्याङ्क संकलन विधि, तथ्याङ्कको वर्गीकरण एवम् सम्पादन, तथ्याङ्क विश्लेषण र प्रस्तुतिकरण, अध्ययनको सीमा रहेका छन् ।

यसैगरी परिच्छेद-दुईमा अध्ययन क्षेत्रको सामान्य परिचय दिइएको छ, जसमा गा.वि.स.को भौगोलिक अवस्था, प्राकृतिक स्रोत, जनसंख्या र सुविधाहरु समावेश गरिएका छन् । यस्तै परिच्छेद-तिनमा अध्ययन क्षेत्रका मगरहरुको सामाजिक अवस्था, जनसांख्यिक अवस्था, परिवारको आकार तथा प्रकार, विवाहको प्रकार, शैक्षिक अवस्था, समुदायमा लाग्ने रोगहरु, परिवार नियोजनबारे जानकारी, परिवार नियोजनको स्थिति, उपचार गर्ने ठाउँ, अन्य जातिहरुसँगको सम्बन्ध, राजनीति तथा संघ संस्थामा आबद्धता, छोरा-छोरीप्रतिको दृष्टिकोण, पारिवारिक निर्णय प्रकृयामा पहिलाको स्थान आदिको बारेमा व्याख्या तथा विश्लेषण गरिएको छ । परिच्छेद-चारमा साँस्कृतिक अवस्थाबारे वर्णन गरिएको छ, जस अन्तर्गत मगरहरुका जन्मदेखि मृत्युसम्मका प्रमुख संस्कारहरु वर्णन गरिएको छ । परिच्छेद-पाँचमा आर्थिक अवस्था अन्तर्गत भू-स्वामित्व, उत्पादनको स्थिति, खाद्यान्नको पर्याप्तता, पेशा, आय-व्यय विवरण आदि पर्दछन् । परिच्छेद छमा  सारांश, निष्कर्ष र सुझावहरु रहेका छन् । अन्तमा शन्दर्भग्रन्थ सूची, प्रश्नावली, मगर जिल्ला कार्यसमिति, क्षेत्रिय कार्यसमिति र फोटाहरु राखिएको छ ।

# परिच्छेद दुई

# अध्ययन क्षेत्रको परिचय

## २.१. स्याङ्जा जिल्लाको सामान्य परिचयः

विभिन्न जातजातिहरुको बसोबास रहेको स्याङ्जा जिल्ला भौगोलिक दृष्टिले नेपालको मध्य पहाडी प्रदेशमा पर्दछ । पश्चिमाञ्चल क्षेत्रको १६ जिल्ला र गण्डकी अञ्चलको ६ जिल्ला मध्ये स्याङ्जा जिल्ला एक हो । यो जिल्लाको अर्को चिनारी भनेको आँधीखोला हो । यस जिल्लाको क्षेत्रफल ११६४ वर्ष कि.मि. छ । वि.सं.२०५८ को जनगणना अनुसार यहाँको जनसंख्या ३,१७,३२० रहेको छ । यो जिल्लामा ६० वटा गा.वि.स. र २ वटा नगरपालिका रहेका छन् । यस जिल्लाको साक्षरता ६६.३२ प्रतिशत रहेको छ । जसमा पुरुष साक्षरता ७७.६४ प्रतिशत र महिला साक्षरता ५७.३२ प्रतिशत रहेको छ । त्यस्तै लोकमार्ग जिल्लाको मध्ये भाग भएर गएको छ । जुन यस जिल्लाको मूल सडकको रुपमा रहेको छ । धार्मिक दृष्टिकोणले हिन्दू धर्मावलम्वी ९६.०६ प्रतिशत, बौद्ध धर्मावलम्बी १२.४७ प्रतिशत रहेका छन् भने मातृभाषाको रुपमा नेपाली, मगर, गुरुङ र नेवारी भाषा बोल्नेहरुको संख्या क्रमशः ७१.११ प्रतिशत,१६.७ प्रतिशत, ९.१७ प्रतिशत र १.९५ प्रतिशत रहेको छ ।[१] यस जिल्लाको सिमाना पूर्वमा तनहुँ, पश्चिममा पाल्पा, गुल्मी र पर्वत, उत्तरमा कास्की र पर्वत एवम् दक्षिणमा पाल्पमा जिल्ला रहेको छ । पहाडी क्षेत्र भएता पनि यस जिल्लामा ठूला बजारहरुमा स्याङ्जा बजार, वालिङ बजार, गल्याङ बजार, दार्सिङ, अर्जुन चौपारी, कोल्मा बराहचौर, नाउडाँडा, सेती दोभान, फेदीखोला बजार आदिलाई मुख्य बजारको रुपमा लिन सकिन्छ । यस जिल्लाको प्रायः मानिसहरुको पेशा कृषि नै हो तर पनि कृषिका अलावा, अध्ययन-अध्यापन, व्यापार-व्यवसाय, स्वदेशी तथा वैदेशिक रोजगारीमा समेत यस जिल्लाका मानिसहरु संलग्न रहेका छन् । ब्राम्हण समुदायका मानिसहरु प्रायः शैक्षिक र सरकारी सेवामा बढी संलग्न रहेका छन् भने मगर र गुरुङ समुदायका मानिसहरु सैन्य सेवा, त्यस्तै नेवारहरु व्यापार क्षेत्रमा संलग्न भएको पाइन्छ । यसको साथै प्रायः सबैले कृषि पेशालाई भने प्रत्यक्ष अप्रत्यक्ष रुपमा अंगाल्न पुगेको पाइन्छ । [२] यस क्षेत्रका धार्मिक एवम्

---

[१] *स्याङ्जा जिल्ला वार्षीक स्मारिका, ( स्याङ्जाः २०६७) पृ.३ ।*

[२] *स्याङ्जा जिल्जा पार्श्वचित्र (जिल्ला विकास समिति, स्याङ्जा २०६७) पृ. १० ।*

पर्यटकीय स्थलहरुमा छाङछाङ्दी, सेतीवेणी (शिला दर्शन) गह्रौं सिरुबारी, गह्रौंसुर कालिका, जगत्रदेवी मन्दिर, त्यस्तै आलमदेवी रहेको छ भने देशकै हालसम्म ठूलो जलविद्युत आयोजना "कालीगण्डकी ए" समेत यसै जिल्लामा रहेको छ । त्यस्तै आँधीखोला जलविद्युत परियोजना यसै जिल्लामा रहेको छ ।

## २.२. मगरहरुको उत्पत्ति र स्याङ्जा जिल्लामा आगमन

मगर जातिको उत्पत्ति तथा नेपालमा आगमन कहिले भयो ? पहिला कुन ठाउँमा बसोबास गरे भन्ने प्रश्नको एक मात्र उत्तर पाउन सकिएको छैन । विभिन्न विद्वानहरुको मत फरक फरक देखिन्छ । सर्वप्रथम मगर जातिको उत्पत्ति कहाँ भयो भन्ने सम्बन्धमा किराँत संस्कृतिका विशेष पात्र श्री इमानसिं चेमजोङले लेख्नुभए अनुसार मगर जातिको उत्पत्ति हाल चिनको सिम भन्ने ठाउँमा भएको हो भनेर लेखिएको छ ।[३] यस्तै नेपालमा मगर जातिको आगमन सम्बन्धमा पण्डित शरदचन्द दासका अनुसार मगरहरु तिब्बतको काङपाचाङ उपत्यकाबाट शेर्पासँग युद्ध गरी पराजित भई नेपाल प्रवेश गरेको उल्लेख गर्नुभएको छ ।[४] मगरहरुको आगमन फिरन्तेको रुपमा एक ठाउँबाट अर्को ठाउँमा सर्दै जाँदा खास हालको तिब्बत क्षेत्रबाट प्रवेश भई विभिन्न ठाउँमा छरिएको उल्लेख छ । चिनियाँ भाषाँमा मगरलाई युची उल्लेख गरिएको छ ।[५]

प्राचीन कालमा नेपाललाई तीन वटा प्रदेशमा विभाजन गर्दा कोशी, गण्डकी र कर्णाली प्रदेश भनिन्थ्यो । तिनै प्रदेशलाई क्रमश किराँत, मगराँत र खसाङ प्रदेश भनिन्थ्यो । त्यसैले गण्डकी प्रदेशलाई मगराँतको रुपमा चिनिन्छ । मगराँत अन्तर्गत पाल्पा, तनहुँ,

---

[३] *इमानसिंह चेमजोङ, हिस्ट्री एण्ड कल्चर अफ किराँती पिपल, (काठमाण्डौं : पुष्परत्न सागर १९६७) पृ. ७० ।*

[४] *शरदचन्द्र दास, नेपाल र यसका निवासी, (सिंहदरवार काठमाण्डौं : नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय, १९७०) पृ. २७ ।*

[५] *मंगोलीन ट्राइगुट कन्टी, १८७६ पृ. २७२ ।*

स्याङ्जा, म्याग्दी, रोल्पा, रुकुम र बाग्लुङमा मगरहरुको बाहुल्य पाइन्छ ।[६] यसरी मगरहरुको आगमन विभिन्न विद्वानहरुको खोज र अनुसन्धानबाट आएको भनाइसँगै स्याङ्जा जिल्लामा पनि प्राचिन कालदेखि नै फिरन्ते अवस्थाबाट स्याङ्जाको आसपास खासगरी पाल्पा जिल्ला हुँदै प्रवेश गरी विभिन्न ठाउँमा बसोबास गरेको पाइन्छ ।[७] मालुङ्गा गा.वि.स.मा मगरहरुको बसोबासको क्रम र विकासलाई हेर्दाखेरी तत्कालिन गह्रौं राज्यको अधीनमा रहेको यो ठाउँलाई वर्तमान मालुङ्ग गा.वि.स.मा रहेका बस्याल थरका ब्रामणहरुको पुर्खा अर्थात वर्तमान गा.वि.स.का संस्थापक श्री स्वर्गीय हरिनारायण बस्याल ज्यूको आगमनसँगै मगर लगायत कामी, सार्की, दमाई, घर्ती र बोटे जाति पनि आई बसोबास गरेको जानकारी प्राप्त भएको छ । [८]

## २.३. मालुङ्गा गा.वि.स.को सामान्य परिचयः

स्याङ्जा जिल्ला पश्चिमाञ्चल विकास क्षेत्रको १६ जिल्ला मध्ये एक जिल्ला हो । गण्डकी अञ्चलमा ६ जिल्ला मध्ये एक यस स्याङ्जा जिल्लामा ६० वटा गा.वि.स. र २ वटा नगरपालिकाहरु रहेका छन् । सबै ६० वटै गा.वि.स.मा र २ नगरपालिकामा समेत ठूलो वा सानो समूहमा मगर जातिहरुको बस्ती रहँदै आएको छ । यस जिल्लाको पश्चिमी क्षेत्रमा पाल्पा जिल्लासँग जोडिएको गा.वि.स.हो मालुङ्गा जसको क्षेत्रफल ८.९६ वर्ग कि.मी. रहेको छ । जहाँ वार्ड नं ४, ५, ६, २ र ८ मा मगरहरुको बस्ती रहेको छ । अध्ययन क्षेत्रको रुपमा लिइएको मालुङ्गा गा.वि.स. ९ वडाहरुमा विभाजित छ भने यसको क्षेत्रफल ८.९६ वर्ग कि.मि. रहेको छ । यस गा.वि.स.को चार किल्लाको रुपमा पूर्वमा जगत्रदेवी रहेको छ भने दक्षिणमा कालीगण्डकी तथा पाल्पा जिल्ला रहेका छन् । त्यस्तै पश्चिममा जगत्रदेवी तथा कृष्णगण्डकी र उत्तरी सिमानामा जगत्रदेवी गा.वि.स.हरु रहेका छन् । यस गा.वि.स.को दक्षिणी भेगको सिमानालाई कालीगण्डकीले प्रष्ट छुट्टयाएको छ । यस गा.वि.स.को भौगोलिक अवस्थितिलाई हेर्दा २७°३६'१०'' देखि २७°३९'२२'' उत्तरी अक्षांश र ८३°२९'५'' देखि

---

[६] केशरजङ्ग बराल मगर, पाल्पा, तनहुँ र स्याङ्जाका मगरहरुको संस्कृति, (काठमाण्डौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान २०३२) पृ. ६५ ।

[७] ऐजन पृ. ६७

[८] बस्याल वंशाावली, (वुटवलः बस्याल समाज२०६०) पृ. १० ।

$८३^{\circ}३३'१२''$ पूर्वी देशान्तर भित्र रहेको छ ।[९] यो गा.वि.स.मा अर्धोष्र्ण किसिमको हावापानी पाइन्छ । धार्मिक दृष्टिकोणले हेर्दा यस गा.वि.स.मा प्राय हिन्दू धर्मावलम्बीहरु रहेका छन् भने केही जनजातिहरु बौद्ध धर्ममा आस्था राख्ने गर्दछन् तर दुवै धर्मका धार्मिक कृयाकलापलाई समान रुपले ग्रहण गरेको पाइन्छ । स्याङ्जा जिल्लाका मालुङ्गा गा.वि.स. ९ वडामा विभाजित रहेको छ । यस गा.वि.स.को केन्द्रविन्दुको रुपमा टुनिबोटलाई लिइएको छ । गा.वि.स.को कार्यालय र क्षेत्रीय स्वास्थ्य केन्द्र पनि यही स्थानमा रहेको छ । प्रायः गा.वि.स.को निर्णय गर्दा वा कार्यक्रमहरु सञ्चालन गर्दा यही स्थानलाई केन्द्रविन्दु बनाएर गर्ने गरिन्छ । यस गा.वि.स.लाई सिद्धार्थ लोक मार्गले छोएको छ । सबे वडाहरुमा कच्ची सडक बाटो पुगेको छ । त्यस्तै स्वास्थ्य सेवाको रुपमा गा.वि.स.को कार्यालय नजिक वार्ड नं.८मा निर्वाचन क्षेत्र अन्तर्गत एउटा स्वास्थ्य केन्द्र सञ्चालनमा रहेको छ । जसबाट ज्वरो, रुघा, खोकी, क्षयरोग, झाडा, बान्ता, प्रसुती, खोप, प्रसुती सल्लाह लगायत परिवार नियोजन सम्बन्धी अस्थायी साधनहरुको बिक्री एवम् निःशुल्क वितरण गरिन्छ । स्वास्थ्य चौकीको सञ्चालनको लागि एक जना एम.बि.बि.एस डाक्टर र दुई जना एच.ए.साथै चार जना नर्सहरु रहेको पाइन्छ । त्यस्तै गा.वि.स.को कार्यालयमा केही पत्रपत्रिका समेत पढ्ने सुविधा समेत उपलब्ध रहेको छ । यस गा.वि.स.को कार्यालयमा महिलाहरुलाई स्थानीय स्तरमा आर्थिक उपार्जन गर्ने सम्बन्धित तालिम जस्तो भेंडा, बाखा, भैसी, गाई पालन सम्बन्धि तालिम, सिलाई कटाई तथा बेमौसमी तरकारी उत्पादन समेत तालिम दिने गरिन्छ । जसले गर्दा महिलाहरुलाई सक्रिय रुपमा अगाडी बढाउने केही सहयोग पुगेको छ ।[म१]

यस गा.वि.स.को धार्मिक रुपमा प्रायः गाउँहरुमा देवी झाक्री तथा कालीका भगवतीको, गणेश, शिव मन्दिर रहेको छ । यस अध्ययन स्थलमा समेत एक वटा चण्डी मन्दिर थान रहेको छ । जसले गर्दा यस गा.वि.स.का मानिसहरु पूर्णतया धार्मिक आस्थावस रहेको पाइन्छ । यस गा.वि.स.का सम्पूर्ण ब्राम्हण समुनदायले कुल पूजा गर्ने गरेको पाइन्छ भने मगर समुदायमा समेत प्रत्येक वर्ष कुल देवताको पूजा गर्ने चलन रहेको पाइन्छ । त्यस्तै यस गा.वि.स.मा ६ वटा शैक्षिक संस्थाहरु रहेका छन् जसमध्ये १ वटा उ.मा.वि. सार्वजनिक उ.मा.वि.मालुङ्गा र ३ वटा प्राथमिक विद्यालयहरु रहेको छ भने २ वटा प्राथमिक

---

[९] मालुङ्गा गा.वि.स. को *वस्तुस्थिति २०६७* मालुङ्गा गा.वि.स., स्याङ्जा ।
1

[१] पूर्ववत पादटिप्पणी ६

बोर्डिङ विद्यालयहरु रहेको पाइन्छ । यस गा.वि.स.का प्रत्येक गाउँहरुमा खानेपानी तथा प्रत्येक घरमा शौचालयहरुको व्यवस्था गरिएको पाइन्छ ।

## २.४. जनसंख्याः

अध्ययन क्षेत्र मालुङ्गा गा.वि.स.को कूल जनसंख्या ३५३६ रहेकोमा पुरुषको संख्या १५९० र महिलाको जनसंख्या १९४६ रहेको छ । जनसंख्याको विवरणलाई लिङ्गीय तथा जातीय आधारमा गरिएको वर्गीकरणको तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं.४

जातीय स्थितिको वडा स्तरीय विवरण

| जातिय विवरण | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ब्राम्हण, क्षेत्री | २३२ | २२८ | ४०३ | ० | ० | २५६ | ५१५ | ४०९ | ३२४ | २३६७ |
| मगर | ० | ४ | ४१ | ३५० | १८७ | २३ | ० | २८ | ० | ६३२ |
| नेवार, गुरुङ | ५ | ० | ० | ० | ० | २९४ | ० | ० | १३ | ३१९ |
| कामी, सार्की, दमाई, सुनार | ८६ | ० | ० | ० | ० | ० | ० | ३० | ० | ११७ |

स्रोतः (गा.वि.स. को तथ्याङ्क २०६७ अनुसार)

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा ब्राम्हण तथा क्षेत्रीको कूल जनसंख्या २३६७ अर्थात ७९.६९ प्रतिशत रहेको पाइयो । त्यसरी नै मगरहरुको कुल जनसंख्या ६३२ अर्थात १७.९० प्रतिशत रहेको पाइयो । नेवार र गुरुङको कूल जनसंख्या ३१९ अर्थात ९.०२ रहेको पाइयो भने कुल दलित जनसंख्या ११७ अर्थात ३.०३ प्रतिशत रहेको पाइयो ।

# परिच्छेद तिन

# मगरहरुको सामाजिक अवस्था

मानिस एक सामाजिक प्राणी भएकोले समाज विना उ एक्लै रहन सक्दैन । व्यक्ति-व्यक्ति मिलेर परिवार अनि धेरै परिवार मिलेर समाजको निर्माण भएको हुनाले यहाँ विभिन्न जाति, वर्ग, धर्म र लिङ्ग आदि हुन्छन् । यसरी समाजमा बस्ने सम्पूर्ण जाति मिलेर एउटा पूर्ण समाजको निर्माण भएको हुन्छ । मानिसको सामाजिक अवस्था के कस्तो रहेको छ सो कुराको उल्लेख गर्नुपर्दा उ बसेको समाजको मूल्य, मान्यता, चालचलन, व्यवहार, धर्म, संस्कृति, संस्कार, परम्परा तथा कानूनले प्रत्यक्ष प्रभाव पारेको हुन्छ । त्यसैले यस अध्ययनको क्रममा नमूना छनौटमा परेका उत्तरदाताहरुको सामाजिक अवस्थामा उनीहरुको उमेर तथा पारिवारिक जनसंख्याको अवस्था, परिवारको आकार, प्रकार, विवाहको प्रकार, शैक्षिक अवस्था, स्वास्थ्य स्थिति, महिलाको स्थान, राजनैतिक तथा संस्थागत संलग्नता आदिको बारेमा चर्चा गर्ने प्रयास गरिएको छ ।

## ३.१. जनसंख्या (मगरहरुको मात्र)

जनसंख्या सामाजिक अवस्था दर्शाउने एउटा महत्वपूर्ण मापदण्ड हो । जनसंख्याको अध्ययनबाटै जन्म तथा मृत्यु दर, आश्रित दर, परिवारको आकार तथा प्रकार, लिङ्ग अनुपात आदिको बारेमा जानकारी हासिल गर्न सकिन्छ । जनसंख्या अध्ययनको क्रममा यदि कुनै परिवारमा बच्चाहरुको संख्या धेरै देखिएमा हामी सहजै भन्न सक्छौं कि त्यो परिवार सामाजिक रुपमा पिछडिएको छ । जुन परिवारको सामाजिक अवस्था कमजोर हुन्छ, त्यस परिवारमा महिलाको सामाजिक अवस्था झनै कमजोर हुन गर्दछ । त्यसरी नै परिवारमा बच्चा-बच्ची तथा बुढा-बुढीहरुको संख्या बढ्नाले आश्रीत दर बढ्न जान्छ । जसको फलस्वरुप महिलाहरुलाई अदृश्य कामको बोझ थपिन जान्छ । जुन समाजमा जन्म दर, मृत्यु दर, आश्रित अनुपात तथा परिवार संख्या उच्च रहन्छ । त्यो परिवारको सामाजिक आर्थिक अवस्था कमजोर हुन्छ । तसर्थ जनसंख्याको अध्ययन सामाजिक अवस्थाको ऐना हो ।

## ३.२ परिवारको आकार

परिवारको आकार कनैपनि परिवारको सामाजिक आर्थिक अवस्थाको अर्को सुचकांक हो । आज ठूलो परिवार हुनु अविकसित समाजको चरित्रको रुपमा लिइन्छ । त्यसैले यस अध्यायमा पनि मगरहरुको सामाजिक स्थिति बुझ्नको लागि परिवारको आकार सम्वन्धी जानकारी लिइएको थियो । अध्ययनका क्रममा प्राप्त परिवारको आकार सम्वन्धी विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ५

उत्तरदाताको परिवारको आकारको विवरण

| क.सं. | परिवारको आकार | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ४ जना वा सोभन्दा कम | १२ | २४.०० |
| २ | ५-९ | ३३ | ६६.०० |
| ३ | १० भन्दा वा सोभन्दा बढी | ५ | १०.०० |
| जम्मा | | ५० | १००.०० |

श्रोतः स्थलगत सर्वेक्षण २०६७

माथिको तालिका नं. १० मा उल्लेख भए अनुसार १-४ जना सदस्य हुने परिवार संख्या १२ अर्थात २४% रहेको छ । त्यसै गरी ५ देखि ९ जना सदस्य हुने परिवार संख्या ३३ अर्थात ६६% रहेकोमा १० जनाभन्दा वढी परिवार संख्या भएको परिवारको संख्या ५ अर्थात १०% रहेको छ । नमूना छनौटमा परेका परिवारहरुमध्येमा सवैभन्दा वढि परिवार संख्या भएको परिवारको संख्या १४ जना रहेको पाईयो ।

## ३.३ परिवारको प्रकार

सृष्टिको उषाकालदेखि नै तथा मानव सभ्यताको शुरुवात देखि नै परिवारको विकास भएको पाइन्छ । बच्चाहरुले सम्पूर्ण सामाजिकीकरणका कुरा परिवारबाट सिक्ने भएकोले यसलाई पहिलो पाठशाल पनि भनिन्छ । सामान्यतया परिवार तीन प्रकारका हुन्छन् । आमा-बुबा र अविवाहित छोरा-छोरी रहेको परिवारलाई एकात्मक, आमा बाबु र तिनीहरुको विवाहित छोरा बुहारी र अविवाहित नाती नातीनाहरु एउटै परिवारमा रहेको

परिवारलाई संयुक्त तथा तीन पुस्ता भन्दा बढी सदस्य एउटै परिवारमा बसेका छन् भने त्यस्तो परिवारलाई संयूक्त परिवार भनिन्छ ।

प्राचीनकाल भन्दा आधुनिककालमा एकात्मक परिवारको संख्या दिनानूदिन बढ्दै गएको पाइन्छ । तर यस अध्ययन क्षेत्रको मगरबस्तीमा भने एकात्मक परिवार भन्दा संयुक्त र बृहत परिवार वढी रहेको पाइयो । यसरी अध्ययन क्षेत्रमा भएको परिवारका किसिमलाई निम्न तालिका अनुसार प्रस्तुत गरिएको छ ।

तालिका नं. ६

परिवारको किसिमका आधारमा उत्तरदाताको विवरण

| क.सं. | परिवारको प्रकार | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकात्मक | २० | ४०.०० |
| २ | संयुक्त | ३० | ६०.०० |
| जम्मा | | ५० | १०० |

श्रोतः स्थलगत सर्वेक्षण २०६७

माथिको तालिका अनुसार ४०% उत्तरदाताको एकात्मक रहेकोमा ६०% उत्तरदाताको परिवार संयुक्त रहेको छ । निष्कर्षमा भन्नुपर्दा अध्ययन क्षेत्रका मगरहरु विस्तारै एकात्मक परिवारतर्फ आर्कर्षित हुँदै गएको पाइन्छ ।

## ३.४ विवाहको प्रकार

विवाह भन्नाले पुरुष र महिला बीच पति पत्नीको रुपमा सामाजिक मान्यता दिनु नै विवाह हो । विवाह सृष्टिको एक नियम हो । मगर जातिमा भौगोलिक रुपमा विवाह भिन्न भएपनि मौलिक रुपमा समान नै पाइन्छ । सानो गा.वि.स. र थोरै मात्र जनसंख्या भएको यस मालुङ्गा गा.वि.स.को मगरहरुको विवाह अन्य क्षेत्रका मगरहरुको जस्तै समान देखिन्छ । यस जातिमा अझैपनि कायम रहेको मामा चेली फूपू चेलो प्रचलनमा रहेको पाइन्छ । मामाको छोरीलाई (बाटोको साली) भन्ने गरिन्थ्यो । बाटोको सालीलाई पहिला पहिला हक लाग्ने दावी गर्थे तर वर्तमानमा भने खासै महत्व दिइएको देखिदैन । आजकलका केटाकेटी आफूखुशी विवाह गर्ने चलन हरेक जातिहरुमा वृद्धि हुँदै आएको छ । आफूले मनपराएकोलाई मागी विवाह वा प्रेम विवाह आदि गर्दछन् । मामाको चेलीभन्दा अन्यसँग बढी विवाह भएको देखिन्छ । मगर जातिमा पढेलेखेको र जागिरदारभन्दा लाहुरेसँग विवाह

गर्ने चलन बढी देखिन्छ । यस जातिमा पनि आफ्नो नजिकको सात पुस्तसम्मको नातासँग विवाह गरिदैन । यस जातीमा मृत्युपछि भाउजुलाई स्वीकार्ने चलन कतै कतै पाइन्छ तर हाड नातामा विवाह बन्देज छ ।[1] विवाह मागी, प्रेम र जारी विवाह गरी तिन प्रकारका हुन्छन् । अफै पनि यस जातिमा केटाको कन्याको खोजीमा निस्कन्छन् भने कन्याको लागि केटा खोज्ने चलन छैन । केटाको बाबु कन्या माग्न जाँदा दहीको ठेकी लिएर जाने चलन यस गा.वि.स.मा पनि चलेको देखिन्छ । कन्या दिने भए दहीको ठेकी स्वीकारिन्छ नदिने भए फिर्ता गरिन्छ । यस प्रकृयालाई ठेकी काके भनिन्छ । केटी दिंदा मावली पक्षको पनि सल्लाह लिइन्छ । पाहुरपातको रुपमा एक सुराही रक्सी, ६० वटा बारा पिंगोमा हालेर केटीको घरमा लाने गर्दछन् । यस कार्यलाई ठेकीमरी काके भनिन्छ । कन्या ल्याइसकेपछि टिका लगाई भित्र्याउँदा ढोकामा कुखुराको भाले काट्ने चलन छ । दुलाहा दुलही दुइटैले पानीको गाग्रीमा तामाको पैसा चढाउँछन् । यसलाई भित्रडिके भनिन्छ । ढोगभेटका लागि दुलाहाको घरबाट बरियात जाने चलन छ । विवाह मण्डपमा कतै पुरोहित राख्ने, कतै कुटुम्बबाट विधि विधान सम्पन्न गरिन्छ । विवाह सम्पन्न भएपछि मावलीहरुले खसी, सुँगुर, जाँड, रक्सी, बारा कोसेलीको रुपमा लाने गर्दछन् । विवाहमा कतै कतै पाइलो फर्काउने चलन पनि छ ।[2]

तालिका नं. ७

विवाहको प्रकारको आधारमा उत्तरदाता

| क.सं. | विवाहको प्रकार | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | मागी विवाह | ३१ | ६२.०० |
| २ | प्रेम विवाह | १६ | ३२.०० |
| ३ | जारी विवाह | ३ | ६.०० |
| | | ५० | १००.०० |

श्रोतः स्थलगत सर्वेक्षण २०६७

माथिको तालिका अनुसार यस जातीमा मागी विवाह गर्नेको संख्या ३१ अर्थात ६२.००% रहेको छ । त्यसैगरी प्रेम विवाह गर्नेको संख्या १६ अर्थात ३२.००% रहेकोमा जारी विवाह

[1] केशजङ्ग बराल मगर, *पाल्पा, तनहुँ र स्याङ्जाका मगर जातीको सामाजिक र आर्थिक अवस्था,* (नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान : २०५२) पृ. ६७ ।

[2] डोर बहादुर विष्ट, *पिपुल अफ नेपाल* (काठमाण्डौं : रत्न पुस्तक भण्डार २०४३) पृ. ६४

गर्ने संख्या ३ अर्थात ६.००% रहेको छ । माथिको तालिकाबाट के थाहा पाईन्छ भने यस अध्ययन क्षेत्रमा वढी मात्रमा मागी विवाह नै प्रचलनमा रहेको छ । मगर जातिमा पनि छोरीलाई सानै उमेरमा विवाह गरिदिने कारणले मागी विवाह बाहुल्यता रहेको हो । नेपाली समाजमा सवैभन्दा वढी प्रचलित विवाह मागि विवाह नै हो । यस हिसावले हेर्दा अध्ययन क्षेत्रका मगरहरुमा प्रेम विवाहले राम्रै जरो गाडेको निष्कर्ष निकाल्न सकिन्छ । विवाहको प्रकारका अलावा विवाह गर्दाको मानिसको उमेरले उसको सामाजिक आर्थिक जीवनमा अत्यन्त ठूलो प्रभाव पार्ने गर्दछ । सानै उमेरमा विवाह हुने हाम्रो समाजमा व्यक्तिले उपयुक्त सामाजिक आर्थिक हैसियत निर्माण नहुदै पारिवारिक झमेलामा फस्नुपर्ने तथा सौ उमेरबाट बच्चा बच्ची जन्माउनुपर्दा पारिवारिक बोझ थपिने हुँदा कुनै पनि जातिको सामाजिक आर्थिक अवस्थाको अध्ययन गर्दा नमूना छनौटमा परेका व्यक्तिको विवाह गर्दाको उमेरलाई ध्यान दिनु अत्यावश्यक देखिन्छ ।

## ३.५ शैक्षिक अवस्थाः

स्याङ्जा जिल्ला तुलनात्मक रुपमा सुगम र शिक्षामा नेपालको तेस्रो शिक्षित जिल्ला पर्दछ । यस जिल्लालाई शिक्षा, स्वास्थ्य, संचार, यातायात आदिले सुगम बनाइदिएको छ । यातायातले बुटवल, पाल्पा, स्याङ्जा, पोखरा, भैरहवा क्षेत्रलाई यात्रा गर्न सजिलो बनाइदिएको छ । यस जिल्लाको सदरमुकाम पुतलीबजारलाई सिद्धार्थ लोकमार्गले छोएर गएको छ । स्याङ्जा जिल्ला शिक्षाको क्षेत्रमा निकै अगाडि देखिन्छ । अधिकांश देशका माथिल्लो कर्मचारीहरुको बाहुल्यता यस जिल्लामा रहेको छ । देशमा सबैभन्दा बढी प्राथमिक विद्यालय हुने पनि यही जिल्ला हो । शोध तयार गरिएको गा.वि.स. मालुङ्गा पनि सिद्धार्थ राजमार्गले छोएर गएको हुनाले जिल्लामा परेको प्रभाव यस गा.वि.स.मा पनि उस्तै देखिन्छ । कुल जनसंख्याको ७० प्रतिशत जनसंख्या शिक्षित छन् ।

यस जिल्लाको मगर जातिको शैक्षिक स्तर हेर्दा शहरी र ग्रामीण क्षेत्रमा पृथक भिन्नता देखिन्छ । गाउँमा खेतीपाती गर्ने, गोठालो जाने, पशु पालन गर्ने गरिबीबाट प्रभावित देखिन्छन् । यस गा.वि.स.का मगर जाति पनि ८, ९ कक्षा पढेपछि भर्तिका लागि दौडधुप गर्दछन् जसले गर्दा उच्च शिक्षातर्फ त्यति ध्यान दिन सकेका छैनन् तर शहरी क्षेत्रमा लाहुरेहरु आफ्नो आम्दानी बढी भएकाले शहरमा महंगा बोर्डिङ स्कूलहरुमा छोराछोरीहरु पढाउने गर्दछन् । शहरका स्कूलमा मगरहरुको राम्रै बाहुल्यता देखिनु यो जातिको लागि सकारात्मक कुरा हो । शैक्षिक क्षेत्रमा यस जातिको वृद्धि हुँदै जानु समग्र मगर जाति र

समुदायका लागि अरु सरह शैक्षिक विकासमा सहयोग पुग्नुका साथै स्तर वृद्धिमा समेत योगदान पुऱ्याएको छ । ग्रामीण क्षेत्र र शहरी क्षेत्रका मगर जातिको स्तरमा ठूलो भिन्नता देखाउँछ । गाउँ, पाखा, पखेरामा प्रशस्त स्कूल खुलेका छन् । १० + २ संचालन गरिएको छ । सबै जाति जनजातिका केटाकेटी भर्ना भई पढ्ने गरेको देखिन्छ । जसबाट शिक्षाको आवश्यकता बोध भएको छ । यस गा.वि.स.मा रहेका शैक्षिक संस्थाहरुमा पनि मगर शिक्षकहरुले सेवा गर्नुभएको छ । श्री सार्वजनिक उच्च मा.वि.मा नि.मा.वि.र प्रा.वि.तहमा निरन्तर सेवा दिइरहनुभएको छ भने महेन्द्र प्रा.वि.बोझादीमा निरन्तर रुपमा सेवा गरिरहनुभएको छ । विद्यालय व्यवस्थापन समितिमा समेत यहाँका मगर जातिको संलग्नता राम्रै देखिन्छ । यस गा.वि.स.मा ६३२ मगर जातिको जनसंख्या रहेको जुन कुल जनसंख्याको १७.९० हुन आउँछ । यो जाति गा.वि.स.को ब्राम्हण पछि दोस्रो जाति हो । तर शिक्षाको क्षेत्रमा अलि कम मात्रै १० + २ सम्मको अध्ययनमा लाग्ने गरेको र धेरै भर्ती वा विदेशको आकर्षणले पढाइलाई विचैमा छोड्ने गरेको देखिन्छ ।[३]

तालीका नं. ८

शिक्षाको आधारमा उत्तरदाताको विवरण

| क.न. | शैक्षीक अवस्था | उत्तरदाताको संख्या | प्रतिशत % |
|---|---|---|---|
| १ | कक्षा १-५ | ३० | ६० |
| २ | कक्षा ६-१० | १० | २० |
| ३ | कक्षा १० देखी माथी | ५ | १० |
| ४ | निरक्षर | ५ | १० |
| जम्मा | | ५० | १०० |

## ३.६ परिवार नियोजनबारे जानकारी

जनसंख्या बृद्धिलाई अस्थायी वा स्थायी तरीकाले रोक्ने विधि नै सामान्यतया परिवार नियोजन हो । मान्छेको संख्यामा वृद्धि हुने वित्तिकै उक्त आधारभूत आवश्यकता पनि बृद्धि हुने गर्दछ । बढ्दो आवश्यकतालाई परिपूर्ति गर्नको लागि साधन तथा श्रोतमा भर पर्नु

[३] केशरजन बराल मगर, *पाल्पा, तनहुँ र स्याङ्जाका मगरहरुको संस्कृति,* (काठमाण्डौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान २०३२) पृ. ६५ ।

पर्दछ एकातिर साधन र श्रोत बढ्नुको सट्टा दिन प्रतिदिन घट्दो क्रममा छ भने अर्कोतिर बढ्दो जनसंख्यालाई आवश्यक नियन्त्रण गर्न अप्ठेरो परेको छ ।

अध्ययन गरिएको क्षेत्र दुर्गम भएतापनि उत्तरदाताहरुमा पनि परिवार नियोजन सम्वन्धी जानकारी रहेको पाइन्छ । परिवार नियोजन सम्वन्धी जनकारीमा विशेष गरी महिला र पुरुषले गर्ने अप्रेशन तथा अस्थाई साधनमा कण्डम, पिल्स, डिपो-प्रोभेरा र नरप्लान्ट इत्यादी रहेका छन् भन्ने जानकारीका श्रोतमा रेडियो, टि.भी., पत्रपत्रिका साथै स्वास्थ्य चौकीका कारण कर्मचारी ईत्यादी रहेका छन् । यसै सन्दर्भमा अध्ययन क्षेत्रका नमुना छनौटमा परेका उत्तरदाताहरुलाई परिवार नियोजनको बारेमा जनकारी भएको र नभएको आधारमा तलको तालिकामा वर्गीकरण गरिएको छ ।

तालिका नं. ९

परिवार नियोजनबारे जानकारीको अधारमा उत्तरदाताको विवरण

| विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| जानकारी छ | ४० | ८०% |
| जानकारी छैन | १० | २०% |

स्रोतः (गा.वि.स. को तथ्याङ्क २०६७ अनुसार)

माथिको तालिका अनुसार परिवार नियोजन बारे जानकारी उत्तरदाताको संख्या ४० अर्थात ८०% रहेको पाइयो । परिवार नियोजनबारे जानकारी नपाउनेमा वढी उमेर समूहका उत्तरदाता धेरै रहेको अध्ययनको क्रममा पाईयो ।

त्यसरी नै परिवार नियोजनबारे जानकारी प्राप्त गर्ने माध्यमको आधारमा उत्तरदाताहरुलाई तलको तालिकामा वर्गिकरण गरिएको छ ।

## ३.७. परिवार नियोजनको स्थिति

जनसंख्याको अनियन्त्रित वृद्धिले आज विश्व नै चिन्तित भएको छ त्यसैले जनसंख्याको नियन्त्रणका उपायहरु अवलम्वन गर्नु आजको आवश्यकता हो । परिवार नियोजनले जनसंख्याको नियन्त्रणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । परिवार नियोजनका अस्थाई र स्थाई गरि दुई प्रकारका साधानहरुको प्रयोग जन्मान्तरका लागि गर्ने गरिन्छ । अध्ययन गरिएको यस स्थानमा बसोबास गरेका प्रजनन उमेर भएका महिला तथा पुरुषले परिवार नियोजनको साधन त्यतिमात्रमा अपनाएको पाइदैन । अध्ययन गरिएको ५० घर परिवारमा परिवार नियोजनबारे जानकारी ३० जनाको परिवार नियोजनको साधन प्रयोग

गर्ने उत्तरदाता वा निजको श्रीमतीले प्रयोग गरेको अवस्थाको आधारमा उत्तरदातालाई तलको तालिका प्रस्तुत गरिएको छ ।

तालिका नं. १०

परिवार नियोजनको साधन प्रयोगको आधारमा उत्तरदाताको वर्गीकरण

| क.सं. | लिङ्ग | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पुरुषले प्रयोग गरेको | ५ | १५.०० |
| २ | महिलाले प्रयोग गरेको | २० | ७०.०० |
| ३ | कसैले पनि प्रयोग नगरेको | ५ | १५.०० |
| | | ३० | १००.०० |

स्रोतः गा.वि.स. को तथ्याङ्क २०६७ अनुसार

माथिको तालिका अनुसार पुरुषले परिवार नियोजनको साधन प्रयोग गरेको संख्या ५ अर्थात १५% रहेकोमा महिलाले परिवार नियोजनको साधन प्रयोग गरेको परिवारको संख्या २० अर्थात ७०% रहेको पाइयो । परिवारमा कसैले पनि साधन प्रयोग नगर्ने उत्तरदाताको संख्या ५ अर्थात १५% रहेको पाइयो । परिवार नियोजनको साधनको बारेमा जानकारी पाएर पनि परिवार नियोजनको साधन प्रयोग नगर्ने उत्तरदातामाहरुमा नव विवाहित तथा बढी उमेर समुहका उत्तरदाताहरु रहेको पाइयो ।

त्यसरी नै परिवार नियोजनको साधन प्रयोग गरेका उत्तरदातालाई स्थायी वा अस्थायी साधनको आधारमा वर्गीकरण गर्दा स्थायी साधनको प्रयोग गर्ने १४ (५८.३३%) जना तथा अस्थायी साधनको प्रयोग गर्ने १० (४१.६७%) जना रहेका छन् ।

## ३.८. अन्य जातिहरुसँगको सम्बन्ध

यस स्थान कृषि मुख्य पेशा भएको स्थान हो । यहाँका मगर कृषि कार्यको लागि अन्य जात जस्तै ब्राम्हण, क्षेत्री, गुरुङ आदि जातिसँग अन्तरसम्बन्ध राख्ने गरेको पाइन्छ । दमाईसँग लुगा सिलाउने, धार्मिक संस्कारको लागि ब्राम्हण त्यस्तै फलामका कामको लागि विश्वकर्मा र छाला कामको लागि साकीसँग सम्वन्ध रहेको पाईन्छ । मगर जाति आफैले जाड बनाउने तथा सेवन गर्ने हुँदा अन्य जातिका मानिसहरुले जाँड रक्सीको लागि पनि यी जातिहरुसँग सम्वन्धित रहेका हुन्छन् । यसरी कृषि कार्यको लागि ठूला जातिको लागि

यिनीहरुले कार्य गर्दछन् । यसरी पेशागत विशिष्टिकरणको कारणले अन्य जातिसँग यो जातिको अन्तरसम्वन्ध रहेको पाइन्छ ।

## ३.९ राजनीति तथा संघ संस्थामा आवद्धता

यस अध्ययन क्षेत्रका मगर जातिको अन्य जातिको भन्दा राजनीतिक चेतना कम रहेको पाइन्छ । यसका साथै यस स्थानमा मगर जातिको सामाजिक तथा राजनीतिक नेतृत्व अन्य जाति विशेष गरी क्षेत्री तथा ब्राम्हणको भन्दा कम रहेको पाइन्छ । अध्ययन क्षेत्रमा सम्पूर्ण जनसंख्या मगरहरुको भएकाले गर्दा पनि यहाँ वडा अध्यक्ष तथा सदस्यका लागि उनीहरुको राजनीतिक नेतृत्व अनिवार्य भएकाले गर्दा यिनीहरुको पहुँच हुने गरेको भएता पनि वडा तहको भन्दा माथिल्लो नेतृत्वमा यहाँका कोही पनि मगर हालसम्म नपुगेको कुरा अध्ययनका क्रममा थाहा हुन आयो ।

तालिका नं. ११

राजनीति आवद्धताको आधारमा उत्तरदाताको वर्गीकरण

| क्र.न. | संघ संस्थामा आवद्ध | संख्या | प्रतिशत % |
|---|---|---|---|
| १ | छ | ४७ | ९४ |
| २ | छैन | ३ | ६ |
| | जम्मा | ५० | १०० |

## ३.१० छोरा छोरी प्रतिको दृष्टिकोण

यस मगर जातिमा छोरीलाई भन्दा छोरालाई बढी महत्व दिने गरेको देखिन्छ । विवाह पश्चात छोरी लोग्नेको घरमा जाने भएकोले उसलाई अर्काको नासो मान्ने चलन छ । पैतृक सम्पत्ति पुस्तौं पुस्ता हस्तान्तरण, धार्मिक तथा अन्य संस्कारमा छोराको अनिवार्यता, छोरा नभई मृत्यु पश्चात स्वर्ग नपुग्ने रुढीवादी अन्ध-परम्परा तथा काजक्रिया जस्ता संस्कारमा छोराको टडकारो आवश्यकताले गर्दा पनि यो जाति छोरा छोरीलाई बढी महत्व दिने गर्दछ ।

लवाई, खवाई, शिक्षा दिक्षा लगायतका सवालमा छोरालाई बढी सुविधा तथा छोरी उक्त सुविधाबाट प्रायः वञ्चित हुने गरेको पाइन्छ । महिला तथा बाल-बालीका सम्बन्धी हक, अधिकार एवं समानताको जस्ता विषयले वर्तमान समाजमा स्थान जमाएको कारण तथा

चेतनाको अभिवृद्धिले गर्दा यो समाजमा यस्ता भेदभाव र पक्षपातपूर्ण व्यवहारमा क्रमशः सकारात्मक सुधारहरु हुँदै गएको पाइन्छ । यसै सन्दर्भमा हाल नेपालमा छोरीलाई पनि पैत्रिक सम्पत्तिको उत्तराधिकार बनाउने कानुनी व्यवस्था भएको छ । यस्तो व्यवस्थालाई ठिक र बेठिक दुवै रुपमा स्वीकार्ने उत्तरदाताहरु अध्ययनको क्रममा पाईयो ।

## ३.११ पारिवारिक निर्णयमा महिलाको स्थान

निर्णय प्रक्रियामा महिलाको सहभागिता उनीहरुको सामाजिक र आर्थिक अवस्था अनुसार पनि फरक फरक हुन्छ । विवाह अगाडि निर्णय प्रक्रियामा कम सहभागिता हुनु र विवाह पछाडि बढी सहभागिता हुनु भनेको यसैको ज्वलन्त प्रमाण हो । अर्कोतिर ग्रामीण समाजमा भन्दा शहरी समाजमा महिलाको निर्णय प्रक्रियामा बढी सहभागिता देखिएको छ । पुरुष घरमा नभएका महिलाहरुले आफैले विभिन्न घरायसी निर्णयहरु गरेको पाइन्छ भने सबैभन्दा बढी श्रीमान र श्रीमती मिलेर संयुक्त रुपमा आर्थिक लगायत विभिन्न पारिवारिक निर्णयहरु गरेको पाइन्छ ।

# परिच्छेद चार

# मगरहरुको साँस्कृतिक अवस्था

## ४.१ प्रमुख संस्कारहरु

संस्कार भनेको मानिसको जन्मदेखी मृत्युसम्म गरिने विभिन्न रीतिरिवाज र परम्पराहरु हुन् । नेपालका विभिन्न जातजातिका मानिसहरु बसोबास गर्दछन् । ती सबै जातजातिका आ-आफ्नै प्रकारका रीतिरिवाज र परम्पराहरु रहेको हुन्छ । मानवीय जीवनको सामाजिक तथा साँस्कृतिक क्षेत्रमा संस्कार, रीतिरिवाज र परम्पराको ठूलो भूमिका रहने भएकोले मानवले त्यस्ता संकार र परम्परालाई निरन्तरता दिइरहनु पर्ने हुन्छ । संस्कारले संस्कृतिको निमार्ण गर्दछ भने संस्कृतिले सव्यताको निर्माण गर्दछ । त्यसै गरी मगरहरुको संस्कृतिले उनिहरुको सब्यताको परिचय दिन्छ । यस्तै प्रकारले यस अध्ययन क्षेत्रका मगरहरुले पनि जन्म देखि मृत्युसम्मका विभिन्न प्रकारका संस्कार र परम्परालाई निरन्तरता दिईरहेको कुरा यहाँका मगरहरु बताउँछन् । यहाँका मगरहरुको समाजमा जन्म, अन्नप्रशन, छेवर, विवाह, मृत्यु जस्ता संस्कारहरु सम्पन्न गरिन्छ ।

### ४.१.१ जन्म संस्कार

कुनैपनि महिला गर्भवती भएको थाहा भएपछि महिला र पुरुष दुवैले पूजाआजा नगर्ने, मन्दिरहरुमा जान नहुने र काटमार गर्न नहुने प्रवृत्ति अध्ययन क्षेत्रका मगरहरुमा रहेको छ । प्रशवको समयमा भने सुडेनीको सहायता लिने गरिन्छ । बच्चा जन्मेको समय, दिन, बार आदि राम्रोसँग टिपेर राखी ब्राम्हण पुरेतद्वारा चिना, टिप्पन बनाउन लगाइन्छ । बच्चा कुन नक्षत्रमा जन्मेको हो सो हेरी नराम्रो नक्षत्रमा जन्मिएको भए पुजा, पाठ, दान, दक्षिणा आदिबाट ग्रह शान्ति गराइन्छ । सुत्केरीलाई न्वारान नभएसम्म केटामान्छेले छुन नहुने र सफा कोठामा राखिन्छ । न्वारान गर्दा चाडपर्वहरु आइरहेको समय भए सात दिनमा नत्र ११ दिनमा न्वारान गरी सुत्केरी चोख्याइन्छ । न्वारानको दिनमा बच्चा र आमा दुवैले नुहाउने, ब्राम्हण पुरेतद्वारा पूजापाठ गर्ने, घरमा गहूँत छर्किएर घर चोख्याउने र दाजुभाई सबै जम्मा भई सो गहुँत छर्केर एक दुई थोपा खाने गरिन्छ । बच्चा जन्मेको छ दिनमा छैटीले भाग्य लेखिदिन्छ भन्ने जनविश्वास रही आएको हुँदा सो दिन भुईमा लिपपोत गरी एउटा थालमा चामल, कापी, कलम, रुपैंया, पैसाहरु राखि दियो बालेर रातभरि राखिन्छ ।

सुत्केरी अवधिभरि पूजाआजा गरिदैन । न्वारान गरी सुत्केरी चोख्याएपछि मात्र घरमा पूजा आजा थालिन्छ । सुत्केरी आमा र बच्चा दुबैलाई तेल लगाइ दिने गरिन्छ । यस समयमा सुत्केरीलाई ध्यू र मासु बढी मात्रामा खान दिइन्छ ।

### ४.१.२ न्वारान संस्कार

बच्चा जन्मेको ७ वा ११ दिनमा न्वारान गर्ने गरिन्छ । चाडपर्वहरु आइराखेको छ भने ७ दिनमा नत्र ११ दिनमा मात्र न्वारान गरी सुत्केरी चोख्याइन्छ । न्वारान गर्दा ब्राम्हणले होम गर्ने, पूज ागर्ने गर्दछन् । बच्चाको  न्वारान गर्नु अगाडि आमा र बच्चा दुबैलाई नुहाइन्छ । सो दिनमा सम्पूर्ण इष्टमित्रहरु बोलाइन्छ । न्वारान पूजामा बच्चाको बाबु अनिवार्य चाहिन्छ । बाबु नभएमा काकाले सो काम गर्दछन् । न्वारान पूजा गरिसकेपछि बच्चाको हात र खुट्टामा धागो बाँधिन्छ । धागोले बच्चाको रक्षा हुन्छ भन्ने विश्वास छ । बच्चाको मावलीले न्वारानको दिनमा सुन, चाँदी र कपडा ल्याउँछन् । न्वारान पूजामा गाईको गहुँत खाने र घरमा छर्किने गरी पूजा सम्पन्न गर्ने काम ब्राम्हण पुरेतद्वार गरिन्छ ।

### ४.१.३ अन्नप्राशन

न्वारानपछि गरिने यस संस्कारलाई पास्नी पनि भनिन्छ । यस संस्कारमा छोरा भए छ महिना र छोरी भए पाँच महिनामा ब्राम्हणद्वारा राम्रो साइतको दिन हेराइ नयाँ लुगा, गहना लगाईदिइ भात खुवाइन्छ । यस दिनमा ब्राम्हणले पाठगरी सकेपछि ठूलो छपरीमा दुना-दुनामा धेरै प्रकारका खानेकुराहरु भात, माछा, मासु, सागपात फलफूल र तरकारीहरु राखिन्छ र चाँदीको थालमा राखि चाँदीको पैसाले खुवाउने गरिन्छ । धनी र सम्पन्न परिवारले यसो गर्ने गरेतापनि अन्यले साधारण तवरले गर्ने गरेको पाइन्छ । यस दिनमा इष्ट मित्रहरलाई बोलाएर रमाइलो गरिन्छ । बच्चा जन्मेको छ दिनमा भुईमा लिपपोत गरी एउटा थालमा चामल, कापी कलम र रुपैया पैसा जस्ता सामग्रीहरु राखिएको जुन थाल हुन्छ पास्नीको दिनमा बच्चालाई त्यही थालको नजिक राखिन्छ र त्यस थालमा राखिएका सामाग्रीहरु मध्ये जुन चाहि बच्चाले पहिले समाउँछ त्यही आधारमा बच्चाको स्वभाव चिनिन्छ ।

## ४.१.४ छेवर

यो कार्य ब्राम्हणलाई शुभ दिन हेर्न लगाई सोही दिनमा सम्पन्न गर्ने गरिन्छ । विशेषगरी यो कार्य बच्चा ५, ३, ११, १३ वर्ष जस्ता विजोड वर्ष पारेर छोराको कपाल मामा भए सम्म मामाद्वारा नै काटिदिने गरिन्छ । यसरी काटेको कपाल दिदीबहिनीले चरेशको थालमा थाप्ने र दोबाटोमा लगेर सफा र पवित्र ठाउँमा सो कपाल फालिदिने गरिन्छ । छेवर गर्ने साइतको दिनमा अलिकति मात्र कपाल काट्ने र सात दिनको दिनमा मामाले पुरै खौरिदिने गर्दछन् । यस कामको लगि जग्गे बनाउने र साइतको समयमा बाजा बजाउने, होम गर्ने काम पनि गरिन्छ । यस दिनमा छेवर गर्न लागेको बच्चाको मावलीले नयाँ लुगाकपडा पनि दिनुपर्दछ । छेवर गरपछि सो बच्चाले अछुत जातले छोएको खानेकुरा खान हुँदैन ।

छोरा मान्छेको छेवर कार्य गरिए जस्तै छोरीलाई पनि ५, ७ र ९ वर्ष जस्ता विजोड वर्ष पारेर गुन्युचोलो लगाउन दिइन्छ । यस भन्दा अगाडि उसले धोती, चोलो लगाउन हुँदैन भनिन्छ । यी कार्यहरु सम्पन्न गर्दा इष्टमित्र बोलाई, जाँड, रक्सी, माछा, मासु, रोटी जस्ता खानेकुराहर खाई रमाइलो ग्रिन्छ ।

## ५.१.५ विवाह

हिन्दू धर्म अनुसार विवाह एउटा सामाजिक संस्कार हो र सामाजिक कार्य पनि हो । एउटा मानिस पूर्ण बन्नका लागी विवाह अनिवार्य छ । विवाह भनेको यस्तो बैधानिक संस्था हो जसले पुरुष र महिलालाई सन्तान उत्पादन गर्न छुट दिन्छ । विवाहबाट परिवार तथा नाता सम्वन्धको विकास हुन्छ । यति मात्र नभइ विवाहले समाजलाई आवश्यक जनशक्ति प्रदान गर्दछ । विवाहको परम्परा भिन्न समाज र जातमा भिन्न भिन्न प्रकारको रहेको हुन्छ । यहाँका मगरहरुको पनि आफ्नै प्रकारको विवाह प्रचलन रहेको छ । जहाँ एक पति र एक पत्नी विवाह प्रथाको साथ साथै एक पति र बहुपत्नी प्रथाले पनि केही हदसम्म प्राथमिकता पाएको छ । त्यस्तै गरेर विवाह गर्दा मगर परम्परा अनुसार मामाचेली र फुपूचेला बीच विवाह गर्ने जातीय परम्पराको साथै आफूले मनपराएको वा प्रचलनमा भए पनि पनि नयाँ पिढीमा अन्तरजातीय विवाहले पनि प्रश्रय पाउन थालेको भेटिन्छ । विवाह पछि पति र पत्नीको मन नमिलेमा हुने सम्वन्ध विच्छेदको घटना भने देखिदैन । उनीहरुका भनाइमा केटा र केटी दुवै २० र २५ वर्ष पुगेपछि विवाह गर्न योग्य हुन्छन् । किन भने यो

उमेर भनेको दुवैको शारीरिक र मानसिक रुपमा पूर्ण विकसित अवस्था हो । यति मात्र नभई २० वर्ष उमेर पूरा भए पछि सामाजिक मूल्य र मान्यतालई अवलम्बन गर्न सक्षम हुन्छन् । यिनीहरुको विवाह प्रथा हिन्दू ब्राम्हण क्षेत्रीको झैं परम्परागत र आधुनिक दुवै प्रकारको छ । ब्राम्हण क्षेत्रीको झै विवाहमा बाबु अनिवार्य हुन्छ यदि बाबु नभएमा ठूलो बा वा काकालेसो कार्य सम्पन्न गरिदिन्छन् । फुपूहरुले भदैको विवाहमा रक्सी, रोटी लैजानु पर्ने प्रचलन छ ।

## ४.१.६ मृत्यु

मृत्यु पनि एउटा संस्कार हो । जुन संस्कार हरेक समाज र जातिमा भिन्न भिन्न तवरले सम्पन्न गर्ने गरिन्छ । मगर परिवारमा कुनै मानिस मृत्युको नजिक पुगेको भन्ने महशुस भएपछि सास रहँदै तुलसीको मोठ वरपर लिपपोत गरी सो मोठमा लगिन्छ । व्यक्तिको प्राण गएपछि कात्रोले बाँधी पिताम्बरले लास छोपी बाँसको खट बनाएर छोराले बोक्छन् । छोरा नभएका दाजुभाईपर्ने नातेदारहरुले सो काम गर्दछन् । लास भन्दा अगाडि बाट सेतो कपडालाई बाटो भनेर हिडाल्ने गर्दछन । जसमा जति लामो भएका धेरै धनी र छोटो भएका गरीब भनेर अर्थ्याउने गरिन्छ । घाटमा लगेर काठको चिता बनाई जेठो छोराले दागबत्ती दिन्छन् र छोरा नहुनेले अन्य दाजुभाइ नाता पर्ने मानिस खोज्छन्. । सो लास जलाइसकेपछि छोराहरुले नुहाएर केश मुण्डन गरी सेतो कपडा लगाएर किरिया गर्न बस्छन् र मलामीहरु सुनपानी छर्कने वा नुहाउने गरी घर फर्कन्छन् । जुठो १२ वा १३ दिनसम्म बार्छन । १२/१३ दिनको दिनमा जुठो चोख्याउने काम रोटी, सेल, पुरी, दाल, भात, मासु जुन खसी, बोका वा कुखुराको मात्र खान्छन र सम्पन्न गर्दछन् त्यस्तै आमाबुबा मरेकोमा भए छोरीले सेल, पुरी, रोटी, मासु, बेसार ल्याएर दाजुभाईलाई छुवाई मुखमा लगाई दिएपछि नुन खान सुरु गरिन्छ । तर १२/१३ दिनसम्म किरीया बार्दा भने मासु, माछा, रक्सी खानु हुदैन । किरिया पुत्रीलाई कुनै प्राणीले छुन हुँदैन । एक वर्षसम्म बरखीको समयमा आमाको भए दूध र बाबुको भए दही खाँदैनन् । एक वर्ष पुरा भएको दिन विभिन्न खानेकुराहरु बनाई मलामीहरुलाई खुवाउने र सेतो कपडाको लुगा एक वर्षसम्म लगाएको भए सोपनि फेर्ने र अन्य जुन सुकै रंगका लुगाहरु लगाउन त्यस दिनबाट हुने गर्दछ ।

### ४.१.७ भेषभुषा र खानपान

नेपाल भौगोलिक विविधताको मुलुक हो । तसर्थ भौगोलिक विभाजनको दृष्टिले हेर्दा हिमाल, पहाड र तराई जस्ता क्षेत्रमा रहने प्रत्येक नेपालीहरुको आ-आफ्नै प्रकारको जातिय परम्परा कायम रहँदै आएको छ । यति मात्र नभई भेषभूषा र खानपानको अवस्था समेत फरक फरक प्रकारको पपाइन्छ । अध्ययन क्षेत्रका मगरहरुको भेषभूषालाई हेर्दा पुरुषहरु सर्ट, पाइन्छ आदि लुगा र सिकी, औठी, घडी जस्ता बस्तुहरु लगाउँछन् भने महिलाहरु धोती, चोलो, कुर्ता सुलवार, म्याक्सी, पाइन्ट, टिसर्ट जस्ता लुगाहरु र फुली, सिकी, तिलहरी, नौगेडी, औठी, ढुंग्री, बुलाकी, पाउजू र घडी जस्ता गरगहनाहरु लगाउँनुका साथै यहाँको पुरुषहरु दौरा, सुरुवाल, टोपी जस्ता परम्परागत लुगा लगाउ र गरगहनाहरुबाट बिमुख हुँदै आधुनिक गरगहना र लुगाकपडा प्रति आकर्षित पनि देखिन्छन् । यसै गरी खानपानको स्थितिलाई हेर्दा यिनीहरु दैनिक रुप्मा कृषिबाट उत्पादित खाद्यान्नहरु भात, दाल, तरकारी, रोटी सागपात र माछा, मासु, जाँड, रक्सी जस्ता खानेकुराहरु विशेष चाडपर्व र उत्सव मनाउँदा खाने गर्दछन् । कोही चुरोट, सुर्ती र खैनी समेत खान्छन् । खाजाको रुपमा मकै, भटमास, रोटी, चिउरा आलु आदि खान्छन् । आधुनिकताको लहर चलेको यहाँका मानिसहरु कोही दाउरा, कोही मट्टीतेल, हिटर, राइसकुकर, प्रेसर कुकर र कोही ग्याँसमा खानेकुरा पकाउन प्रयोग गर्दछन् । यहाँका मगरहरुको खानपानमा यिनीहरु कुखुरा, माछा, खसी, भेडाको मासु खान्छन् । विषेशगरी मगरहरुको हरेक संस्कृतिसँग सुँगुर जोडिएको हुन्छ, त्यसैले यिनीहरु सुँगुरको पालन पनि गर्दछन् र मासु पनि खान्छन् ।

## ४.२ धर्म तथा पूजाआजा

नेपालमा विभिन्न धर्मवलम्वीहरु बसोबास गर्दछन् । जस्तै हिन्दू, बौद्ध, क्रिश्चियन, इश्लाम र जैन । यसरी विभिन्न धर्मावलम्वीहरुको एउटै देश नेपाल धार्मिक सहिष्णुताको मुलुक हो । नेपालमा बसोबास गर्ने मगरहरु शुरुमा हिन्दू धर्म र परम्परालाई त्याग गर्दै बौद्ध धर्म अबलम्बन गर्न थालेका छन् । यति मात्र नभएर पाठपूजा सम्पन्न गर्दा ब्राम्हणहरुलाई लागउनुको सट्टा आफ्नै नाता कुटुम्ब, भाञ्जा, ज्वाईलाई बोलाउछन् । मगर भाषाको वेदहरु पूजा पाठका किताबहरु पढेर कार्य सम्पन्न गर्छन । अध्ययन क्षेत्रका मगरहरुले मान्दै आएको हिन्दू धर्म नै हो । उनीहरुमा अन्य धर्मको प्रभाव पर्न सकेको छैन । तसर्थ उनीहरु बौद्ध धर्म मान्दैनन् । उनीहरु हिन्दू, ब्राम्हण, क्षत्रीहरुको निकट सम्पर्कले गर्दा पनि हिन्दु धर्मलाई नै

परम्परादेखी निरन्तरत दिँदै आएका छन् । उनीहरुले धार्मिक कार्यहरु सम्पन्न गर्नुपर्दा ब्राम्हण पुरेतहरुलाई लगाउने गरेका छन् । उनीहरु आफ्नो पुरानो हिन्दू धर्मलाई त्याग गरी बौद्ध धर्म अपनाउने पक्षमा पनि छैनन् ।

## ४.३ चाडपर्व

यहाँका मगरहरु हिन्दू धर्म मान्ने भएकाले हिन्दु धर्म अनुसार चाडपर्वहरु मनाउछन् । उनीहरु चाडपर्व मनाउँदा अत्यधिक मात्रामा नभएको पैसा खर्च गर्ने पक्षमा छैनन् । आफ्नो हैसियत र औकात अनुसार खर्च गरी इष्टमित्र, नातेदारहरु डाकेर हर्षोल्लास र मनोरञ्जनपूर्ण तरीकाले चाडपर्व मनाउँछन् । मगरहरु आफ्नो सनातनदेखि चल्दै आएको हिन्दू धर्म र परम्परा अनुसारका चाडपर्वहरुलाई सधैं निरन्तरता दिई रहने पक्षमा छन् । चाडपर्वहरु लुप्त भएको उनीहरु हेर्न चाहदैनन् । बरु खर्चले धान्न नसके कम खर्च गरेर भएपनि चाडपर्वहरु सधैं मनाएर निरन्तरता दिइरहने उनीहरुको धारणा छ । मगरहरु चाडपर्व मनाउँदा लाग्ने खर्च घरमा नभए साथीभाई, छरछिमेकहरुसँग ऋण लिएर उनीहरु खर्च चलाउँछन् । यहाँका मगरहरु हिन्दू धर्म अनुसारको यी विभिन्न चाडपर्वहरु मनाउने गर्दछन् ।

### ४.३.१ साउने सङ्क्रान्ति

यो पर्व साउन एक गते मनाईन्छ । विशेष गरी यो पर्व किसानहरुले वर्षा धेरै भई असारमा धान रोप्न पाएपछि हिलोबाट उत्रेको खुशियालीमा साउन एक गते बडो रमाइलो मानी आफन्तहरु डाकेर अरु दिनको भन्दा अलि मीठो र राम्रो खान बनाएर खाइ मनाउँछन् । किसानहरु मात्र नभएर अन्य परिवारले पनि आफ्ना इष्टमित्र, पाहुना, छोरी ज्वाई डाकेर मिठा मिठा खानेकुराहरु ख्वाउने चलन रहेको अध्ययन क्षेत्रका मगरहरु बताउँछन । यस दिनमा लुतो फ्याँक्ने परम्परा पनि रही आएको छ । आगो अगुल्टो फ्याक्ने भएकोले साउने सक्रान्तिलाई रोग संक्रान्ति पनि भनिन्छ । यस अघि भदौ नलाग्दासम्म मादल बजाउने रोदी बस्ने गर्दैनन् ।[१]

---

[१] केशरजङ्ग बराल मगर, *पाल्पा, तनहुँ र स्याङ्जाका मगरहरुको संस्कृति,* (काठमाण्डौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान २०५०) पृ. ११९ ।

### ४.३.२ नाग पञ्चमी

साउन शुक्ल पञ्चमीका दिन नाग पञ्चमी मनाइन्छ । यस दिनमा हिन्दु परम्परा अनुसार नागलाई खुसी पार्न गाईको दूध, लावा, अक्षता, दुबो लागएतका सामग्रीले नाग पूजा गर्ने गरिन्छ । मन्त्रद्वारा नागको प्रार्थना गरी ढोका माथि नाग टाँस्नाले वर्षभरि सर्प, अग्नी, चट्टयाङको भय हुँदैन भन्ने जन विश्वास रही आएको छ । तसर्थ यसै विश्वासमा यहाँका सम्पूर्ण हिन्दुधर्मावलम्वी मगरहरु नाग पञ्चमीको दिनमा नाग पूजा गर्ने र नाग टाँस्ने गर्दछन् ।

### ४.३.३ कूल पूजा

यो पर्व हिन्दू परम्परा अनुसार आ- आफ्ना तरीकाले विभिन्न जात जातिका मानिसहरुले आ-आफ्नो कुल देवतालाई खुशी पार्न पूजा गरी मनाउने गर्दछन् । यो पर्वका दिन घरमा लिपपोत गरी पवित्र बनाइन्छ । घरमा भएका लत्ताकपडा, भाँडावर्तनहरु सफा गर्ने गरिन्छ । यो पूजा अधिकांशले बैशाख पूर्णिमाको दिनमा सम्पन्न गर्ने गर्दछन् । यो पर्व कसैले घरमा नै कुन देवता मन्दिर स्थापना गरी कसैले घरदेखि बाहिर आँप, वरपिपल वा रुख बगैंचा भएको स्वच्छ ठाउँमा परम्परा अनुसार कुलदेवताको मन्दिर स्थापना गरी विभिन्न किसिमको रुद्री, हवन लगाएत बोकाको बलि चढाएर कुल देवताको पूजा गर्ने गरेको मगरहरु बनाउँछन् । यस पूजामा पूजारीको संख्या निश्चित हुँदैन । कोहीले आफैं पूजा गर्दछन् भने कोहीले पूजारी खोजेर लगाउने गर्दछन् । यस पूजामा पूजा अवधिभर जाँड, रक्सी, पिउन हुँदैन र कुलका बाहेक अन्य मानिस जान पनि हुँदैन। [२]

### ४.३.४ एकादशी

कार्त्तिक शुक्ल एकादशी ठूला एकादशी पर्व हो । हिन्दू धर्म परम्परा अनुसार भगवान् विष्णुले असार शुक्ल एकादशी वा हरिशयनी एकादशीको दिनमा बलिको ढोकामा सुतेर कार्त्तिक शुक्ल एकादशीमा जाग्ने हुनाले हरिबोधनी एकादशी भनिएको हो । यो पर्व हिन्दूहरुको साह्रै ठूलो पर्व हो । यस दिनमा यहाँका ब्रतालुहरु कालीगण्डकीको किनारमा गएर स्नान गरी ब्रत बस्दछन् । यस दिनमा ब्रत बस्ने र अन्न नखाने परम्परा रहि आएको मगरहरु बताउँछन् मगरहरु यस एकादशीमा ब्रत बसी बेलुका तुलसीको पवित्र जल खाएर

---

[२] धर्मप्रसाद श्रीष, *मगराती संस्कृति* (विराटनगर : २०३८) पृ. १०३ ।

पूजा सम्पन्न गर्ने गरेको बताउँछन् । पूजा सम्पन्न गरेपछि मात्र उनीहरु फलाहार गर्ने गर्दछन् । फलाहार अन्तर्गत सखरखण्ड, पिंडालु, स्याउ, सुन्तला, बदाम जस्ता खानेकुराहरु खाने गर्दछन् ।

### ४.३.५ कृष्ण जन्माष्टमी

हिन्दू धर्म अनुसार, भाद्र कृष्ण अष्टमीको दिन भगवान श्रीकृष्ण यस धर्तीमा अवतरित भएको मानिन्छ । यसै कारणले यस भाद्र कृष्ण अष्टमीलाई कृष्ण जन्माष्टमी भनिन्छ । प्रत्येक वर्षको भाद्र कृष्ण अष्टमीको दिन मगरहरुले अन्य भक्तजनहरुले जस्तै गरी कृष्ण जन्माष्टमी पर्व धुमधामले मनाउँछन् । यस दिनमा मगरहरु ब्रत बसी कृष्णको मन्दिरमा गई भजनकिर्तन गर्दै कृष्णको पूजाआजा गर्ने गर्दछन् र घरमा पनि मध्यरातमा कृष्णको पूजा गर्छन् । उनीहरु पूजाआजा सम्पन्न गरिसकेपछि चोखो खानेकुराहरु फलफूल, दूध, दही, घ्यू, हलुवा आदि खाने गर्दछन् ।

### ४.३.६ शिवरात्री

यो पर्व फगुनकृष्ण त्रयोदशीको दिन मनाइने गरिन्छ । यस दिनमा मगरहरु शिवजीको ब्रत बसी मन्दिरहरुमा गई शिवको पूजा अर्चना गर्ने गर्दछन् । रात्रीमा पूजा सम्पन्न गरिसकेपछि फलाहार वा चोखो खाना खाने गर्दछन् । यस दिन बेलुका शिव धुनि जगाइन्छ र तापिन्छ । धुनी ताप्नाले रोग ब्याधीहरु नास हुन्छ भन्ने जन विश्वास रही आएको छ । शिवरात्रीको ब्रतलाई हिन्दू धर्मावलम्बीहरुले साह्रै ठूलो ब्रत मान्दछन् ।

### ४.३.७ दशैं

हिन्दू धर्मावलम्बीहरुको महान् चाड बडा दशैं हो । घटस्थापनादेखि टीकाको दिनसम्म दशैं पर्व मनाइन्छ । यसलाई नौरथा पनि भन्दछन् । नौरथामा नौ दिन घटस्थापनाको दिनदेखि नवमीसम्म विशेष रुपले दुर्गा भवानीको पूजा पाठ गर्ने गरिन्छ । नवरात्रीमा नवदुर्गाको पूजा आरधना गरिन्छ । नवरात्रीमा नवदुर्गाको पूजा आरधना गरिन्छ । घटस्थापनाको दिनमा मगरहरु कोठामा लिपपोत गरी त्यहाँ अपवित्र चिजहरु सबै हटाएर जौ, मकै, गहुँ, मिसाएर बालुवा र माटोमा छर्ने गर्दछन् । माटोमा जमरा राख्ने मिसाइएको बालुवा टपरीमा वा भूईमा नै लिपपोत गरी पवित्र बनाएर त्यहाँ जौ, मकै, गहुँ, छर्ने गरिन्छ । त्यस दिनबाट प्रत्येक दिन बिहान सो जमरा राखेको ठाउँमा जल चढाएर पूजापाठ गर्ने र बेलुका धुपबत्ती बालेर डमरु बजाइ आरती गर्ने गरिन्छ । फूलपाती वा सप्तमीको दिनमा सो

जमरा राखेको ठाउँमा केराको पात, फूल, अदुवाको बोट, उखु, दूबो र अन्य विभिन्न कुराहरु मिसाएर नौथरीको बनाई भित्र्याउने गर्दछन् । अष्टमीको दिनमा उनीहरु जमरा राखेको ठाउँमा मांसहारीहरुले पूजा आजा गर्दा हाँस, कुखुरा काटेर बली चढाउने गर्दछन् । नवमीको दिनमा उनीहरु जमरा राखेको ठाउँमा बिहानै पूजा गरी जमरा कोठाबाट बाहिर ल्याई लिपपोत गरी आँगनमा षट्कोण चिन्ह बनाई जमरा राखेर पाठ गरेपछि कुल देवतालाई सबै दाजुभाई जम्मा भई पूजा गरी फेरी आफ्नो घरमा लैजान्छन् । सो कुल देवता उनीहरुले अष्टमीको दिनमा जमरा राखेको ठाउँमा पूजा गर्दा ल्याएका हुन्छन् । दशमीको दिनदेखि पूर्णिमा (कोजाग्रत पूर्णिमा) को अघिल्लो दिनसम्म आफन्तहरुसँग टीका र जमरा लगाएर दशै मनाउने गर्दछन् । पूर्णिमाको दिनमा बाँकी रहेको जमरा नजिकको पधैंरो तथा कुवामा लगि सेलाउने गर्दछन् । दशैको बेलमा उनीहरु हाँस, कुखुरा, पाडो, खसी, बोकाको मासु खान्छन् । उनीहरु मगर भएर पनि न त सुंगुरको बलि कतै चढाउछन् न त आफू नै सुंगुरको मासु खान्छन् ।

### ५.३.८ तिहार

कात्तिक कृष्ण त्रयोदशीदेखि द्धितीयसम्म पाँच दिन यो पर्व मनाइने भएकोले यमपंचक पनि भनिन्छ । पाँच दिनसम्म मनाइने यस पर्वमा काग, कुकुर, गाई, लक्ष्मीको पूजा गरी अन्तिम दिन भाईटिका सम्पन्न गर्ने गरिन्छ । मगरहरु दिदीबहिनीको घरमा दाजुभाई जम्मा भएर दाजुभाईलाई दिदीबहिनले सप्तरंगी टिका लगाईदिइ फलफूल, मसला, मिठाईहरु दिने गर्दछन् । दाजुभाईले पनि दिदीबहिनीलाई टिका लगाई दिई दक्षिणा र लुगाकपडाहरु दिने गर्दछन् । दाजुभाईलाई टिका लगाई दिएपछि दिदीबहिनीहरुले मखमली फूलको माला लगाई दिने गर्दछन् ।

### ४.३.९ तीज र ऋषि पञ्चमी

यो पर्व मगर महिलाहरुले रमाइलो गरी मनाउने गर्छन । तीजको दिनमा विशेष गरी विवाहिता महिलाहरुले पानी समेत नपिइ ज्यादै कठोरपूर्ण तरीकाले ब्रत बस्ने गर्दछन् । नसक्ने महिलाहरुले भने रात्रीमा सर्वप्रथम तुलसीको जल पिएर फलाहार गर्ने गर्दछन् । तीजको दिनमा मगर महिलाहरु सुहागको प्रतिक रातो सारी, पोते, चुरा, सिंदुर र गरगहनाहरुले सजिएर ब्रत बसी शिव मन्दिरहरुमा गई पूजाआजा र नाचगान गर्दै मनाउने गर्दछन् । त्यस्तै गरी तीजको दिनमा ब्रत बस्ने महिलाहरुले ऋषि पञ्चमीको दिन बिहान

सबैरै उठी दत्तिवनले दाँत माझ्ने र रातोमाटो, गोबर, शरीरमा दलेर नुहाउने गर्दछन् । यस दिनमा महिलाहरु सुहागको पहिरनमा सप्तऋषिको मन्दिरमा गई पूजा गर्दछन् । कोही कोहीले भने घरमा नै पूजा लगाँउछन् सो पूजामा सप्तऋषिहरुको स्थापना गरी पूजा गर्ने गरिन्छ ।

# परिच्छेद पाँच

# मगरहरुको आर्थिक अवस्था

यस जिल्लाका मगर जातिको प्रमुख पेशा कृषि नै हो । त्यसको अलावा विदेश जाने, सेनामा भर्ती हुने, व्यापार गर्ने, अन्य मजदुरी गर्ने, स्वदेशमा पशुपालन गर्ने र नोकरी गर्ने जस्ता आर्थिक कार्यहरुमा यिनीहरु संलग्न भएको देखिन्छ ।

## ५.१ कृषिः

स्याङ्जा जिल्लाका अधिकांश मगर जातिको पेशा कृषि हो । यिनीहरुको गाउँको एकै ठाउँमा घर बनाएर ठूलो गाउँ समुदायको रुपमा बस्दछन् । खेती गर्ने ठाउँ बस्तीबाट परै पर्दछ । बारीमा गोठ बनाई गाई बस्तु पाल्ने गर्दछन् । मगरहरु गाईबाट बहर उत्पादन गर्नको लागि पाल्ने गर्दछन् । परम्परादेखि नै बारीमा किला ठोकी गाई गोरु पाल्ने चलन अझै पनि कतै कतै देखिन्छ । तर अहिले यो विस्तारै लोप भइसकेको छ । जसबाट बारी मलिलो हुनुका साथै गोबर मल टाढाबाट लान नपर्ने हुन्छ । गाई गोरु पाडा पाडीलाई छाप्रो बनाई तुसारो र चिसोबाट बचाउन सहयोग गर्दछ । गाई गोरु, पाडा पाडी बढी पाल्ने भएकाले रासायनिक मलको प्रयोग खेतबारीमा कम प्रयोग गर्दछन् । मगर जाति सुँगुर पाल्न समेत चाख राख्ने हुनाले आजकल उन्नत जातको बंगुर पालन तर्फ धेरै चाख बढेको देखिन्छ । खेतीमा बढी मकै उत्पादन गरी सुली राख्ने चलन समेत ठाउँठाउँमा देखिन्छ । त्यस बाहेक कोदो, धान, सिल्टुङ, गहत, बोडी, पेडालुको खेती पनि गर्दछन् । खेतीपातीको लागि मेलापर्मद्वारा एक आपसमा मिलेर गर्दछन् । खेतीको समय बाहेक पुरुषहरु सिकर्मी, डकर्मीमा लागेको देखिन्छ । घरका सदस्य गाई, गोरु चराउन समेत व्यस्त रहन्छन् । गाउँको मान्छे मर्दा हल बार्ने चलन पनि देखिन्छ । धार्मिक दृष्टिकोणले औंसीको दिन नजोत्ने चलन छ ।

तालिका नं. १२

पेशाको आधारमा उत्तरदाताको विवरण

| क.नं. | पेशागत अवस्था | उत्तरदाता | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | ४२ | ८४ |
| २ | जागीर | ८ | १६ |
| | जम्मा | ५० | १०० |

**५.२ नोकरीः**

मगर जातिका युवाहरु प्रमुख लक्ष्य हङकङ र सिंगापुर आर्मीमा भर्ती हुने ठूलो रहर र धोको रहेको हुन्छ । त्यसपछि भारतीय सैनिक सेवामा आकर्षण बढी देखिन्छ । नेपाली सेना र पुलिसमा पनि यिनीहरुको उल्लेखनीय संख्यामा भर्ती भएको पाइन्छ । राष्ट्र सेवा, शिक्षक, कर्मचारीमा आकर्षण देखिएतापनि यो संख्या भने अरु जातिको तुलनामा अलि कम नै देखिन्छ । पुरुषहरु घर बाहिर विभिन्न पेशामा संलग्न हुनेहुँदा घरको काम महिलाले नै बढी गर्नुपर्ने हुन्छ । सयुक्त परिवारमा बस्नेका भने एक दुई जना पुरुषहरु घरमै हुनेहुनाले काममै सहयोग गरेको देखिन्छ । स्वदेशी वा विदेशी सैन्य सेवाबाट फर्के पछि प्राय गाउँ नजिकैको शहर वा बजारमा जस्तै बुटवल, गल्याङ, वालिङ, पाल्पा तर्फ लागि राम्रो घर बनाएर बस्नेको संख्या पनि बढी नै छ । मगर जातिमा निजामति सेवामा भने कमै जागिर भएको पाइन्छ । तर वर्तमान सरकारको जातीय आरक्षण र शिक्षाको विकासले हरेका जाति विभिन्न सेवारत देखिन थालेका छन् । विदेशी सैन्य सेवाबाट धन आर्जन गर्नेमा पनि बढी मगर गुरुङ जातिकै बाहुल्यता देखिन्छ । देशको आर्थिक विकास, शहरीकरणमा पनि यिनीहरुको ठूलो योगदान देखिन्छ । अर्को तर्फ गाउँमा बस्ने पुरुष र महिला सबैले इमान्दारीका साथ काममा लागेको पाइन्छ । इमान्दारीताकै कारण मगर जाति समाजमा सबैसँग मेलमिलाप गरी बसेको पाइन्छ । गाउँमा अदुवा, पिडालु, सखरखण्ड र अम्लिसो नगदे वालीको रुपमा लगाएको देखिन्छ । वर्षमा दुई चारवटा खसी बाखा बेच्ने, भैंसीको पाडा पाडी हुर्काई त्यसबाट नगद आर्जन गर्ने समेत देखिन्छ । विगतको परम्परा अनुरुप खास आम्दानीको लागि ब्राम्हण जातिको खेतबारी जोत्ने र नगद तथा जिन्सी आर्जन गर्ने गरेको पाइन्छ । प्रत्येकको घरमा कुखुरा पालन अनिवार्य जस्तै हुन्छ । खास गरी कुखुरा देवी देवताको भाकलको लागि पालिने गरिन्छ ।[१]

**५.३ उद्योगः**

मगर जातिको ठूला उद्योग खोलेर उद्योग चलाएको पाइँदैन । खास साना तथा घरेलु उद्योगहरु फर्निचर, ग्रिल व्यवसायमा लागेको देखिन्छ । त्यो बाहेक गाउँ घरमा रक्सी पार्ने साथै किराना र फेन्सी पसल, घडी रेडियो आदि व्यवसाय संचालन गरेर बसेको पाइन्छ ।

[१] श्री कृष्ण पन्त, *तनहुँका मगर जातीको सामाजिक, आर्थिक र सांस्कृतिक अवस्था,* (पोखरा : शोधपत्र २०६१) पृ. ३० ।

## ५.४ भू-स्वामित्व

नेपाल जस्तो कृषिप्रदान मुलुकमा जग्गाको उपलब्धताले मानिसको सम्पन्नतालाई जनाउँदछ । जग्गाको प्रयाप्तताले वार्षिक खाद्यान्न आपूर्तिको साथै बढी कृषि उत्पादनको बेचविखन गरी अन्य आवश्यकताहरको पनि परिपूर्ति गर्न सकिन्छ । अध्ययनको क्रममा सम्पूर्ण उत्तरदाताहरुसँग केही न केही जग्गा रहेको नै पाईयो । नमूना छनौटमा परेका उत्तरदाताहरुको जग्गाको उपलब्धतालाई १० रोपनी, १०-१५ रोपनी, १५-२० रोपनी, २०-२५ रोपनी तथा २५ रोपनी भन्दा बढी रोपनी गरि ५ समुहमा वर्गीकरण गरिएको छ । जग्गाको स्वामित्वलाई निम्नासार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १३

भू-स्वामित्वको आधारमा मगर परिवारको विवरण

| क.सं. | जग्गा रोपनीमा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १० रोपनीसम्म | ६ | १२.०० |
| २ | १०-१५ रोपनी | ११ | २२.०० |
| ३ | १५-२० रोपनी | १६ | ३२.०० |
| ४ | २०-२५ रोपनी | १३ | २६.०० |
| ५ | २५ रोपनी भन्दा बढी | ४ | ८.०० |
| जम्मा | | ५० | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

माथिको तालिका अनुसार १० रोपनीसम्म जग्गा हुने घर संख्या ६ अर्थात १२%, १०-१५ रोपनाी जग्गा हुने घर संख्या ११ अर्थात २२%, १५-२० रोपनी जग्गा हुने घर संख्या १६ अर्थात ३२%, २०-२५ रोपनीसम्म जग्गा हुने घर जग्गा हुने घर संख्या १३ अर्थात २६% र २५ रोपनी भन्दा बढी जग्गा हुने परिवार संख्या ४ अर्थात ८% रहेको छ । अध्ययनको क्रममा सबैभन्दा बढी जग्गा हुने उत्तरदाताको जग्गा ३६ रोपनी भएको पाईयो ।[२]

[२] केशजङ्ग बराल मगर, *पाल्पा, तनहुँ र स्याङ्जाका मगर जातीको सामाजिक र आर्थिक अवस्था,* (नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान : २०५२) पृ. ६७ ।

## ५.५ पशुपालनको अवस्था

नेपालको सन्दर्भमा भन्नुपर्दा पशुपालनलाई कृषिको सहायक पेशाको रुपमा लिइन्छ । यी दुई व्यवसायहरु एक अर्कामा आश्रृत रहेको पाईन्छ । पशुपालन कृषिमा निर्भर गर्दछ भने कृषिको लागि अवाश्यक मल तथा जोत्नको लागि अवश्यक गोरुको आपूर्ति पशुपालनबाट हुने गर्दछ । यस अध्ययन क्षेत्रका २० घरपरिवार मध्ये १८ घर परिवारले कुनै न कुनै पशुपंक्षी पालेका छन् । अध्ययन क्षेत्रमा पालिएका पशु तथा पंक्षीको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १४

पशुपालनको अवस्थाको आधारमा उत्तरदाताको वर्गिकरण

| पशु/पंक्षीको विवरण | घरधुरी संख्या | प्रतिशत | पालेको जम्मा संख्या |
|---|---|---|---|
| भैंसी | ४७ | ९४ | १२१ |
| गाई/गोरु | १८ | ३६ | २७ |
| खसी/बाख्रा | ३१ | ६२ | १०९ |
| कुखुरा/हाँस | ४८ | ९६ | २९२ |
| सुंगुर/बंगुर | ८ | १६ | १० |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

माथिको तालिका अनुसार कुल ५० घरधुरी मध्ये सम्पूर्ण परिवारले उल्लेखित मध्ये कम्तिमा कुनै एक पशुपंक्षी पालेको पाईयो । जसमा ४९ अर्थात ९४% परिवारले १२१ भैंसी पालेको पाईयो । त्यसरी नै १८ अर्थात ३६% परिवारले ३७ वटा गाई/बाख्रा पालेको पाईयो । त्यस्तै कुखुरा/हाँस पाल्ने परिवार संख्या ४८ अर्थात ९६% रहेको पाईयो जसले जम्मा २९२ वटा कुखुरा/हाँस पालेको पाईयो । अध्ययन क्षेत्रमा पालिएका सुंगुर तथा बुंगुरको संख्या १० रहेको पाईयो भने यी पाल्ने परिवारको संख्या ८ अर्थात १६% रहेको पाईयो । समग्रमा भन्नुपर्दा अध्ययन क्षेत्रको पशुपालनको स्थिति सन्तोषप्रद नै रहेको पाईयो ।

## ५.६ घरको प्रकार

अध्ययन क्षेत्रका नमूना छनौटमा परेका सम्पूर्ण घरहरु कच्ची नै रहेका छन् । यस क्षेत्रका मगरहरुको आर्थिक अवस्था त्यति राम्रो नभएको कारणले पनि यहाँ आधुनिक घरहरु बनाउने प्रचलन रहेको पाइदैन । प्रायजसो घरहरु ढुंगा माटाको प्रयोगबाट बनाईएको छ र यहाँ दुई देखि तीन तलासम्मका घर बनाएको पाईयो । अध्ययन क्षेत्रका उत्तरदाताहरुलाई

उनीहरुको घरको छानाको प्रकारको आधारमा गरिएको वर्गिकरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १५

छानाको प्रकारको आधारमा उत्तरदाताको वर्गिकरण

| क.सं. | छानाको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | खरको छाना | ३० | ६५% |
| २ | टिनको छाना | २० | ३५% |
| | | ५० | १००% |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

माथिको तालिका अनुसार अधिकांश ६५% प्रतिशत उत्तरदाताको घरको छाना खरको भएका ३५% उत्तरदाताले आफ्नो घरमा टिनको छाना बनाएको पाईयो । [३]

## ५.७ वार्षिक आय व्ययको विवरण

ग्रामिण परिवारको वार्षिक आय-व्ययको विवरण प्राप्त गर्ने कार्य आफैमा चुनौतीपूर्ण कुरा हो । एक त उनीहरुले आय व्ययको विवरण दिन मान्दैनन भने अर्कोतिर यदि विवरण दिईहाले भने पनि उनीहरुबाट प्राप्त तथ्याङ्क उनीहरुको स्मरण शीक्तमा निर्भर गर्दछ । किन भने  ग्रामिण भेगका परिवारले वार्षिक आय व्ययको विवरण दुरुस्त गरेका हुदैनन् । तसर्थ उनीहरुको आय-व्यय विवरण तयार गर्नृ कममा उत्तरदाताबाट प्राप्त तथ्यलाई उनीहरुसँग भएको जग्गाको उपलब्धता, जग्गाको उर्वराशक्ति, रोजगारीको अवस्था आदिलाई मध्यनजर राखी सकेसम्म सत्यताको नजिक पुग्ने प्रयत्न गरिएको छ ।

### ५.७.१ वार्षिक आम्दानीको अवस्था

अध्ययन क्षेत्रका मगरहरुको प्रमुख आम्दानीको श्रोतहरुमा कृषि, पशुपालन, रोजगारी, व्यापार तथा ज्यालामजदुरी रहेको पाईयो । अध्ययनको कममा नमुना छनौटमा परेको उत्तरदातालाई उनीहरुको वार्षिक आयको आधारमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

[३] शिक्षक श्री गजबहादुर हिस्की, संग २०६७/११/१५ मा लिएको अर्न्तवार्ता बाट ।

तालिका नं. १६

वार्षिक आम्दानीको आधारमा उत्तरदाता संग लिइएकाको विवरण

| क.सं. | वार्षिक आम्दानी | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रु ३०,००० सम्म | ९ | १८% |
| २ | रु ३०,०००-४०,००० सम्म | १८ | ३६% |
| ३ | रु ४०,०००-५०,००० सम्म | ११ | २२% |
| ४ | रु ५०,०००-६०,००० सम्म | ७ | १४% |
| ५ | रु ६०,००० भन्दा बढी | ५ | १०% |
| | जम्मा | ५० | १००% |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

माथिको तालिका अनुसार रु ३०,००० सम्म आम्दानी हुने ९ घरपरिवार अर्था १८%, रु ३०,००० देखी ४०,००० सम्म आम्दानी हुने १८ घरपरिवार अर्थात ३६%, रु ४०,००० देखी ५०,००० सम्म हुने ११ घरपरिवार अर्थात २२%, रु ५०,००० देखी रु ६०,००० सम्म आम्दानी हुने ७ घरपरिवार अर्था १४% र रु ६०,००० भन्दा माथि आम्दानी हुने ५ घरपरिवार अर्थात १०% रहेको पाइयो । स्थलगत सर्वेक्षणका आधारमा रु ३०,००० देखी ४०,००० सम्म वार्षिक आम्दानी हुने घर परिवारको संख्या अधिक रहेको पाईयो । पारिवारिक वार्षिक आम्दानी सबैभन्दा बढी भएको परिवारको वार्षिक आम्दानी ९६,००० सम्म भएको पाईयो । [४]

## ५.७.२ वार्षिक खर्च

आम्दाी जस्ते वासविक खर्च पत्ता लगाउने कार्य अर्को जटिल कार्य हो तापनि कुनै पनि परिवारको आम्दानी, उनीहरुको बचत तथा न्यून आयको अवस्थालाई अध्यनजर गर्दै वार्षिक खर्चको अनुमानलाई वास्तविकताको नजिक पुऱ्याउन सकिन्छ । तसर्थ उत्तरदाताको वार्षिक पारिवारिक खर्चको विवरण तयार गर्ने क्रममा उनीहरुबाट उपब्ध तथ्यालाई उनीहरुको आम्दानी, बचत तथा न्यून आयको अवस्थालाई समेत मध्यनजर गरि वार्षिक खर्चलाई सकेसम्म सत्यताको नजिक पुऱ्याउने प्रयत्न गरिएको छ। यस अध्ययन क्षेत्रमा

[४] पूर्ववत पादटिप्पणी २ बाट

मगरहरुले खाना, कपडा, शिक्षा, स्वास्थ्य, घर मर्मत तथा सुधार, मापोत, सामाजिक कृयाकलाप, लगाएतका अन्य विविध शीर्षक अन्तर्गत खर्च गर्ने गरेको पाईयो । स्थलगत सर्वेक्षणकोआधारमा उनीहरुको वार्षिक खर्चलाई निम्न अनुसार तालिकिकरण गरिएको छ ।

तालिका नं. १७

वार्षिक खर्चको आधारमा मगर परिवारको विवरण

| क.सं. | वार्षिक खर्च | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रु ३०,००० सम्म | ११ | २२.०० |
| २ | रु ३०,००० देखी ४०,००० सम्म | १५ | ३०.०० |
| ३ | रु ४०,००० देखी ५०,००० | १३ | २६.०० |
| ४ | रु ५०,००० देखी ६०,००० | ८ | १६.०० |
| ५ | रु ६०,००० भन्दा बढी | ३ | ६.०० |
| जम्मा | | ५० | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

माथिको तालिका अनुसार रु ३०,००० सम्म खर्च हुने ११ घरपरिवार अर्थात २२%, रु ३०,००० देखी ४०,००० सम्म खर्च हुने १५ घरपरिवार अर्थात ३०%, रु ४०,००० देखी ५०,००० सम्म हुने १३ परिवार अर्थात २६%, रु ५०,००० देखी ६०,००० सम्म खर्च हुने घरपरिवार ८ घरपरिवार अर्थात १६% र रु ६०,००० भन्दा बढी खर्च हुने घरपरिवार ३ अर्थात ६% रहेको पाईयो । सबैभन्दा बढी वार्षिक खर्च हुने परिवारको वार्षि खर्च रु ८४,००० सम्म हुने गरेको पाईयो ।

### ५.७.३ बचत हुने वा नहुने अवस्था

अध्ययन गरिएको ५० घर परिवारमा नोकरी गरेका घरपरिवारले मात्र केहि मात्रामा बचत गर्न सक्ने अवस्था रहेको पाईयो ।अध्ययन गरिएको परिवारलाई बचत गर्न सक्ने र नसक्ने अवस्थाको आधारमा तलको तालिकामा वर्गिकरण गरिएको छ ।

तालिका नं. १८

बचत गर्न सक्ने वा नसक्ने आधारमा उत्तरदाताको वर्गिकरण

| क.सं. | बचतको अवस्था | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बचत गर्न सक्ने | १२ | २४.०० |
| २ | बचत गर्न नसक्ने | ३८ | ७६.०० |
| जम्मा | | ५० | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

माथिको तालिका अनुसार अध्ययन गरिएको घर परिवारमा १२ घर परिवारले मात्र केही मात्रामा बचत गर्न सकेका छन भने बाँकी ३८ घरपरिवार अर्थात ७६%ले बचत गर्न नसक्ने अवस्थामा रहेका छन् विशेष गरी पशुपालन तथा रोजगारीबाट हुने नगद आम्दानी नै बचतको प्रमुख कारणको रुपमा रहेको पाईयो ।[५]

### ५.७.४ अपुग भएका पुऱ्याउने श्रोत

अध्ययन गरिएको ५० घरपरिवारमा ३८ घरपरिवार अपुगमा पुऱ्उने श्रोतलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तलिका नं. १९

न्युन रकम पुऱ्याउने श्रोतका आधारमा उत्तरदाताको वर्गिकरण

| क.सं. | अभावमा पुऱ्याउने श्रोत | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ऋण | १८ | ४७.३७ |
| २ | सापटी | २० | ५२.६३ |
| जम्मा | | ३८ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

माथिको तालिका अनुसार अपुगमा पुऱ्याउने श्रोतमा ऋण र सापटी रहेका छन् । १८ घर परिवार अर्थात ४७.३७% ले ऋण लिने गरेको पाईयो भने बाँकी २० घरपरिवारले नगद वा जिन्सी सापटीको रुपमा प्राप्त गरेको पाईयो । यसरी प्राप्त सापटी रकम सकेको बेला फिर्ता गर्ने प्रचलन रहेको पनि उत्तरदाताहरुले बताए ।

---

[५] ऐजन

# परिच्छेद ६

# सारांश तथा निष्कर्ष

## ६.१ सारांश

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक एवं बहुधार्मिक देश हो । तसर्थ यहाँ बसोबास गर्ने विभिन्न जनजातिहरुमध्ये मगर पनि एक हो । मगरहरु मंगोल मूलका जनजाति मानिन्छन् । मंगोल मूलका अन्य जनजातिहरुमा तामाङ, गुरुङ, शेर्पा, राई, लिम्बु, थकाली, जिरेल, सुनुवार, लेप्चा, थारु, मेचे, धिमाल, नेवार आदि पर्दछन् । नेपाल दुई भिन्न भिन्न भौगोलिक परिवेश र सांस्कृतिक परम्परा भएका विशाल छिमेकी मुलुकहरु भरत र चीनसँगको निकटताले गर्दा प्राग-ऐतिहासिक कालदेखी नै समय समयमा यहाा विभिन्न दिशाबाट अनेक जाति-उपजातिका मानिसहरु भित्रिन पुगे । जसको परिणामास्वरुप जातीय विविधताले प्रश्रय पाएको भेटिन्छ । लोपा, मनाङे, थकाली जातिहरुको बसोबास भेटिन्छ । पहाडी भेगमा ब्राम्हण, क्षत्री, मगर, गुरुङ, नेवार, तामाङ, सुनुवार, जिरेल, चेपाङहरु र तराईै भेगमा ब्राम्हण, राजपूत, चौधरी, थारु, काचेया, सतार, लिम्बु, दनुवार, माझी, दरै, धांगड, मुसलमान, यादव आदि जातिहरुको बसोबासले स्थान ओगटेको छ । नेपालको सर्वत्र भूभागमा फैलीएका मगर जातीहरुको वारेमा विभिन्न विद्वानहरुले मगरको विषयमा पुस्तक लेख, रचना, शोध तयार गरेपनी यस मालुङ्गा गा.वि.समा रहेका मगर जातीको वारेमा कसैबाट पनी उनीहरुको सामाजीक, आर्थीक, सास्कृतीक पक्षको वारेमा अध्ययन अनुसन्धान नभएकाले यस ठाउँका मगरजातीको अध्ययन गरीएको हो ।

यस मालुङ्गा गा.वि.समा रहेका मगर जातीको अध्ययन गर्नुको उद्देश्य उनीहरुको सामाजीक। आर्थीक, सास्कृतीक अवस्थाको चित्रण गर्नु, आर्थीक अवस्थाको वर्णन गर्नु र ऐतिहासीक पक्षको चित्रण गर्नुनै यस शोधको उद्देश्य हो । नेपालका विभिन्न क्षेत्रमा रहेका मगरजातीहरुको जस्तै यस मालुङ्गा गा.वि.समा रहेका मगरहरुको पनी विभिन्न समस्याहरु रहेको देखिन्छ । कृषी मुख्य पेशा भएको यस गा.वि.सका मगर जातीको प्रसस्त जमीनको अभाव, वेरोजगारी, गरीवी साझा समस्यानै हुन कृषी मुख्य पेशा भए पनी वर्ष भरिकालागी खाद्यन्य उत्पादन नहुने हुनाले श्रम मज्दुरी गर्नुनै उनीहरुको दैनीकीनै भएको देखिन्छ। त्यसैले यो समस्याको समधानकालागी शिक्षा, स्वस्थय, रोजगारको लागी विभिन्न क्षेत्रमा विशेष स्थान दिनुपर्ने, वेरोजगारी र गरीवीलाई हटाउन कृषीमा आधुनीकरण को लागी तालीम,

विउ विजनको व्यवस्था गर्नु पर्ने, सोरोजगारका लागी विविध कार्यक्रम सञ्चालन गर्नु पर्ने देखीन्छ । उनीहरुको मौलीक संस्कृतिलाई जोगाउन विशेष पहल गर्नु पर्ने हुन्छ ।

## ६.२ निष्कर्ष

अध्ययन क्षेत्रका मगरहरुले आफ्नो जातिय, धार्मिक एवं सांस्कृतिक विशिष्टतालाई कायमै राख्न सफल भएको भएतापनि उनीहरुको सामाजिक आर्थिक अवस्था कमजोर नै देखिन्छ । यसो हुनाको प्रमुख कारण उनीहरुको कमजोर शैक्षिक अवस्था नै हो । अध्ययन क्षेत्रको कूल उत्तरदातामध्ये ७ जनाले मात्र औपचारिक शिक्षा हासिल गरेको पाईएबाट पनि उनीहरुको कमजोर शैक्षिक अवस्था सजिलै संकलन गर्न सकिन्छ । यसरी उच्च शिक्षामा उनीहरुको उपस्थिति शून्य भएकोले पनि उनीहरुको कमजोर सामाजिक तथा आर्थिक अवस्थाका कारणहरु हुन् । तापनि समय र परिस्थिति अनुसार उपचार पद्धति प्रतिको विश्वास, भेषभुषा, चाडपर्व, भाषा, संस्कृति तथा परिवारको आकार तथा प्रकारमा सकारात्मक परिवर्तन भइरहेको पाईन्छ । आर्थिक अवस्थालाई हेर्दा अन्य दुर्गम क्षेत्रका मगरहरुको तुलनामा सन्तोषप्रद नै मान्नुपर्दछ । यस क्षेत्रका मगरहरुको धार्मिक तथा संस्कृतिक पक्षमा हिन्दु धर्मको प्रचुर मात्रमा प्रभाव परेको पाईन्छ ।

## सन्दर्भ सूची


- कर्क प्याट्रिक, १८९९, *एन अकाउन्ट अफ द किङडम द नेपाल,* लण्डन : डब्लु मिलर ।
- केन्द्रियतथ्याङ्कविभाग, २०६७, *पपुलेसन मोनोग्राफअफ, काठमाण्डौ* : राष्ट्रिय आयोग ।
- चेमजोङ, इमानसिं, १९६७, *हिस्ट्री एण्ड कल्चर हफकिराँतपिपल,* काठमाण्डौ : पुष्परत्न सागर ।
- टुकर फ्रान्सिस, १९५७, *द स्टोरी अफ नेपाल,* लण्डन : कन्टेस टेबल एण्ड कम्पनी लिमिटेड ।
- थापाखिलध्वोज, २०३६, *मगराती एक ऐतिहासिक रुप रेखा सेरोफेरो,* बुटवल : वर्ष १ अंक १ ।
- थापा मगर शिवलाल, २०४८ काठमाण्डौं : *मगरजातिको संक्षिप्तचिनारी* ।
- पन्तकालीभक्त, २०२८, *हाम्रो संस्कृति, इतिहास,* स्याङ्जा ।
- पल्ली मगर, २०६७, *इतिहास भित्रका मगरहरु,* अमरपथ, बुटवल ।
- बराल मगर, केशरजंग २०५०, पाल्पा, *तनहुँ र स्याङ्जाका मगरको संस्कृति,* काठमाण्डौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।
- *मालुङ्गागा.वि.स. को कार्यलयको रेकर्ड* : २०६७ ।
- *मेची देखि माहाकालीसम्मभाग - ३,* २०३१, काठमाण्डौं :श्री ५ को सरकार संचार मन्त्रालय, सुचनाविभाग ।
- विट डोर बहादुर, १९७६,*पिपुलअफ नेपाल,* काठमाण्डौं : रत्न पुस्तक भण्डार ।
- विष्ट डोर बहादुर, *सबै जातको फूलबारी तस्रो सस्करण,* काठमाण्टडौं : साझाप्रकाशन ।
- शर्मा जनकालाल २०४९,*हाम्रो समाज एक अध्ययन,* काठमाण्डौं : साझाप्रकाशनद्वितीय सस्करण ।
- शर्मा नगेन्द्र, २०५२, *नेपालीजनजीवन,* काठमाण्डौं : साझाप्रकाशन ।

- शर्मा सरद चन्द्र, २०४५, *नेपाल र यसकानिवासी,* काठमाण्डौं नेपाल सरकार सूचनातथा संरचनामन्त्रालय, सिंहदरवार ।
- श्री ५ को सरकार ।
- श्रेष्ठ डि बी, १९९७, *इथनिकग्रुपस् अफ नेपाल एण्ड देयर वेज अफलिभिङ,* काठमाण्डौं : हिमालय पुस्तकप्रकाशन ।
- श्रीषधर्म प्रसाद, २०३८, *मगराती संस्कृति,* विराटनगर ।
- श्रेष्ठ हरी प्रसाद, २०४६, *नेपालको इतिहास र संस्कृति एक झलक,* काठमाण्डौं भुवनप्रकाशन ।
- सुवेदीहोमनाथ, २०३८, *छन्त्याल जातिको परिचय,* धौलागरिरी ।
- हिच्चकजोन डि, १९६५, *द मगर्स अफबनियानहिल,* यु.एस.ए ।


**पत्रिकाहरु :**


- कान्तिपुर (२०६७ माघ १०)
- काठमाण्डौंपोष्ट (२०६७ माघ १०)
- नागरिक दैनिक (२०६७ चैत्र १५)
- आर्दश समाज (२०६८ माघ २०)
- अन्नपूर्ण पोष्ट (२०६७फगुन १७)
- मगर (मगर जातिको मुखपत्रवर्ष १ अंक १, २०६६)
- झेराक (वर्ष १ अंक १ २०६७)